# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ९८ | काठमाडौं | बुधबार, १४ साउन २०८२ | Prabhab National Daily | Wednesday, 30 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


### आन्तरिक द्वन्द्वमा माओवादी केन्द्र

## उत्कर्षमा दाहाल–शर्मा विवाद





मैले जति पनि सिँगौरी खेल्न दिएको छु, कतिपयलाई अहिले बिचौलिया र दलालले उचालिरहेका छन् ।

**पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र

विशेष महाधिवेशनले नयाँ पुस्ताको भावना र सपना सम्बोधन गर्ने कार्ययोजना तयार पार्न पार्टीको पुनर्गठन गर्ने छ ।

**जनार्दन शर्मा**
उपमहासचिव, माओवादी केन्द्र

**जेबी योञ्जन**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको राजनीतिक, सैद्धान्तिक, वैचारिक र नेतृत्व क्षमतामाथि उपमहासचिव जनार्दन शर्माले कडा शब्दमा आलोचना गरिरहेका छन् । शर्माको आलोचनालाई दाहालले पचाएका छैनन् र 'पार्टी छाडेर गए पनि केही फरक नपर्ने' आशयको अभिव्यक्ति दिइरहेका छन् । दुई नेताबीचको विवादले दिनहुँ उग्ररूप लिँदै गएको छ ।

विगतमा पनि अध्यक्ष दाहालविरुद्ध केही नेताले प्रश्न उठाउँथे । उनको राजनीतिक, वैचारिक र सैद्धान्तिक नेतृत्वकुशलता आलोचनाको केन्द्र बन्थ्यो । तर, त्यसरी आलोचना गर्ने नेतालाई दाहाल राजनीतिकरूपमा भित्तामा पुऱ्याउँथे । राजनीतिक विश्लेषक झलक सुवेदीका अनुसार पार्टी छाडेर हिँड्न बाध्य पार्थे ।

हाल माओवादीका १० उपसमूह छन्, अर्थात् १० भँगाला छन् । कतै शर्मा ११औं भँगालाको तयारीमा त होइनन् ? शंका भइरहेको छ । शंकालाई बल पुग्नेगरी पछिल्ला दिनमा दाहाल–शर्मा मतभेद चुलिएको छ ।

मंगलबारमात्रै शर्माले दाहालको नेतृत्व शैलीमाथि प्रश्न उठाए । उनले पार्टीको विशेष महाधिवेशन नै माग गरे । पार्टीमा गुट चलाएको र पार्टी नै विभाजोन्मुख बनाएको आरोपको खण्डन गरेका छन् ।

'दुई वर्षदेखि माथिल्लो तहबाटै लगातार पार्टी फुट्छ भन्ने गरिएको प्रचारलाई यतिबेला थप मलजल गर्दै पार्टी कार्यकर्ता र जनतामा भ्रमको खेती गर्नेहरूप्रति सचेत हुन आग्रह गर्दछु,' शर्माले चारबुँदे धारणा सार्वजनिक गर्दै भनेका छन्, 'विशेष महाधिवेशन गर्ने निर्णय गरेको सन्दर्भमा अब पार्टीमा एजेण्डाकेन्द्रित बहस गरौं, जसले पार्टीको पुनर्गठन, सुदृढ र व्यवस्थित गर्न मद्दत पुग्ने छ ।'

उपमहासचिव शर्माले पार्टीमा गुटबन्दी गरेको र पार्टी विभाजन गर्न लागेको आरोपको पनि सामना गरिरहेका छन् । उसो त यसअघि पार्टीमा अन्तरसंघर्ष चल्दा पार्टी विभाजन गरेर नेताहरू लाखापाखा लागेको दृष्टान्त छ ।

२०६९ असारमा मोहन वैद्यले माओवादी सेनाका लडाकु समायोजनमा असहमति जनाउँदै अर्को माओवादी गठन गरे । वैद्यले गरेको त्यो विभाजन माओवादीको सबैभन्दा ठूलो थियो । त्यसबेला वैद्यसँग नेताहरू रामबहादुर थापा, देव गुरुङ, नेत्रविक्रम चन्द, पम्फा भुसाललगायत करिब ३० प्रतिशत केन्द्रीय सदस्यले एकैपटक विद्रोह गरे । त्यसपछि क्रान्तिकारी माओवादी गठन गरे ।

विभाजनको दुखाइ बिर्सिन नपाउँदै नेतृत्वमाथि प्रश्नैप्रश्न उठाएर २०७२ मा संविधान जारी भएको केही महिनामै उपाध्यक्ष डा. बाबुराम भट्टराईले अर्कै दल गठन गरे । केही वर्षमै वैद्यको दलबाट नेत्रविक्रम चन्दले वैद्यले दक्षिणपन्थी संसदीय धार लिएको भन्दै माओवादीबाट विद्रोह गरे । यस्तै, एमाले र माओवादीबीच २०७५ जेठमा एकता भएर नेकपा गठन भयो । त्यसको तीन वर्षपछि सर्वोच्च अदालतले मुद्दा फैसला गर्दै एमाले र माओवादी अलग हुने आदेश दियो । माओवादीको एउटा पंक्ति एमालेमै रहयो । माओवादीबाट अलग भएर नेकपा (बहुमत), नेपाल समाजवादी पार्टी (नेसपा), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, आम जनता पार्टी बने । राजनीतिक विश्लेषक सुवेदी उनीहरू विभक्त हुनुमा मूलभूत रूपमा नेतृत्वमाथिको प्रश्न र पार्टीभित्र उठ्ने राजनीतिक, सैद्धान्तिक र वैचारिक सवालमा मतभेद चुलिँदा पार्टीबाट अलग भए । यसपटक पनि यिनै सवालमा केन्द्रित गरेर शर्माले प्रश्न उठाइरहेका छन् ।

यसबाहेक शर्माले गएको जेठमा भिजिट भिसा प्रकरणमा सत्तापक्षसँग गरिएको दुई बुँदे सम्झौताले पार्टीको साख गिरेको टिप्पणीसमेत गर्दै आएका छन् ।

क्रमशः पृष्ठ २ मा

# मुख्यमन्त्री पद नछाड्ने लामाको अडान

मुख्यमन्त्री दलको नेताको हैसियतले हुनुभएको हो । राजनीतिमा इमान्दारिता र नैतिकता हुन्छ । उहाँले मार्गप्रशस्त गर्नुपर्छ ।

**इन्द्र बानियाँ**
सभापति, कांग्रेस बागमती प्रदेश

मुख्यमन्त्री भएको व्यक्तिले संख्या कम भयो भने विश्वासको मत कायम छ भनेर फेस गर्छु भन्न सक्छ । १८८ को २ अनुसार 'फ्लोर टेस्ट' गर्न सक्छन् ।

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता

दलको नेता खाली भयो । तर मुख्यमन्त्रीबाट राजीनामा गर्नुपर्ने अवस्था छैन । यो गठबन्धनको सरकार हो ।

**बहादुरसिंह लामा**
मुख्यमन्त्री, बागमती प्रदेश



- संसदीय दलको नेताको हैसियत जोगाउन असफल
- अविश्वासको प्रस्तावमा मतदान हुँदा ३७ सदस्यमध्ये १५ जनाले मात्र दिए लामालाई मत
- दलको नेताबाट पदमुक्त भए पनि संविधानअनुसार मुख्यमन्त्री पद छाड्नैपर्ने बाध्यता देखिएन

**प्रभाव संवाददाता**

**काठमाडौं–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले आफ्नो दलमा संसदीय दलको नेताको हैसियत गुमाएका छन् । मंगलबार प्रदेश राजधानी मकवानपुरको हेटौंडामा भएको अविश्वासको प्रस्तावमा मतदान हुँदा ३७ सदस्यमध्ये १५ जनाले मात्र उनको पक्षमा मत हालेसँगै उनी कांग्रेस बागमतीको संसदीय दलको नेताबाट पदमुक्त भएका हुन् ।

बजेट विवादको मौका छोपी कांग्रेस बागमतीका सभापति इन्द्रबहादुर बानियाँपक्षले उनीविरुद्ध २१ सांसदको हस्ताक्षरसहित साउन ९ गते अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । अविश्वासको प्रस्तावसँगै कांग्रेसबाट सहभागी पाँच मन्त्रीलेसमेत राजीनामा दिएपछि मुख्यमन्त्री लामा विश्वासको मत जाँच्न बाध्य भए ।

संसदीय दलको नेताको हैसियत गुमाएसँगै लामाले मुख्यमन्त्री छाड्नुपर्ने दबाब बढेको छ । यद्यपि, लामाले भने अहिले नै राजीनामा नदिने अडान लिएका छन् । 'राजीनामा गर्नुपर्ने अवस्था नै छैन । यो गठबन्धनको सरकार हो,' मंगलबार लामाले भने, 'दलको नेता खाली भयो । तर मुख्यमन्त्री फेर्न सकिँदैन । कानुनबमोजिम बन्ने हो ।'

लामाले विश्वासको मत गुमाएसँगै बानियाँ भने मुख्यमन्त्री बन्ने जोडमा लागेका छन् । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता लामा गत साउन ८ गते बागमतीको मुख्यमन्त्रीमा नियुक्त भएका हुन् ।

२०७९ पुस १३ गते बानियाँलाई हराउँदै लामा कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत प्राप्त गरेका थिए ।

यसपटक भने बानियाँ जसरी पनि आफू मुख्यमन्त्री बन्ने र लामाले मार्गप्रशस्त गर्नुपर्ने बताउँछन् । 'मुख्यमन्त्री दलको नेताको हैसियतले हुनुभएको हो । राजनीतिमा इमान्दारिता र नैतिकता हुन्छ । उहाँले माग प्रशस्त गर्नुपर्छ,' बानियाँले भने ।

तर संविधानअनुसार लामाले अहिले नै मुख्यमन्त्री छाड्नुपर्ने बाध्यता देखिँदैन । संविधानको धारा १६८ मा प्रदेश मन्त्रिपरिषद् गठनबारेको प्रावधान छ । यसको उपधारा २ अनुसार आफू मुख्यमन्त्री कायम रहने लामाको तर्क छ । 'पूर्णबहुमत भएको दलको नेतामात्र मुख्यमन्त्री बन्ने हो । हामीकहाँ ११० छैन । कोलिसन गभर्मेन्ट हो यो,' लामाले भने ।

क्रमशः पृष्ठ २ मा

### दलको नेता चुन्न आज मतदान

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नयाँ नेता आज चयन गरिने भएको छ । बहादुरसिंह लामाले विश्वास गुमाएसँगै आज नयाँ नेता चयन गर्न लागिएको हो ।

नेता चयनका लागि बागमती प्रदेश कांग्रेस कार्यसमितिका सहमहामन्त्री हरिशरण श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको छ । दलको कार्यालयपरिसरमा दिउँसो २ बजेबाट एक घण्टा मतदान हुने निर्वाचन समितिले जनाएको छ । संसदीय दलको नेतामा बागमती प्रदेश कांग्रेसका सभापति बानियाँले उम्मेदवारी दिने पक्का भइसकेको छ । विश्वासको मत गुमाएका लामाले भने आफ्नो पक्षबाट रामकृष्ण चित्रकारलाई अघि बढाउने तयारी गरेका छन् । चित्रकार हाल कांग्रेस संसदीय दलका उपनेता हुन् ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# साउदीमा श्रमिकको माग बढ्ने
## उच्च दक्ष श्रमिक पठाउन नेपाललाई समस्या

**ममता थापा**

**काठमाडौं–** अबको १० वर्ष साउदी अरबको श्रमबजारमा ठूलो संख्यामा आप्रवासी श्रमिकको माग हुने भनिए पनि नेपालले लाभ लिन सहज नहुने देखिएको छ । साउदी सरकारले 'भिजन २०३०' अनुरूप सञ्चालन गर्न लागेका गिगा परियोजनाहरू तथा सन् २०३४ मा आयोजना हुने फिफा विश्वकप फुटबलका लागि बन्ने पूर्वाधारमा ठूलो संख्यामा श्रमिक लग्ने बताउँदै आएको छ । तर नेपालमा आउने मागपत्रमा त्यस्तो भिन्नता नआउने देखिएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

साउदीले भिजन २०३० अन्तर्गतका महत्त्वाकांक्षी परियोजनामा विशेषगरी उच्च दक्ष श्रमिक भित्र्याउने बताउँदै आएको छ । नेपालबाट साउदी जाने अधिकांश श्रमिक भने अदक्ष छन् । त्यहाँ जाने झण्डै ७० प्रतिशत श्रमिक सीपविनै जाने गरेको तथ्यांक छ । उनीहरू सफाइ, प्याकेजिङ, निर्माणलगायतका काममा जाने गरेका छन् । करिब ३० प्रतिशत श्रमिकमात्र वेटर, सवारी चालकलगायतका काममा र अर्धदक्ष श्रमिकका रूपमा जाने गरेको व्यवसायीको भनाइ छ ।



साउदीमा विभिन्न परियोजनाका लागि समयसीमाभित्र प्रतिफल दिने र अन्तर र्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने विश्वव्यापी दक्षताको आवश्यकता रहेको साउदी सरकारले बताइसकेको छ । त्यसकारण यी ठूला परियोजनाहरूमा नेपालबाट बढी जाने अदक्षभन्दा दक्ष र उच्च दक्ष श्रमिकै माग बढी हुने देखिन्छ ।

त्यहाँ इञ्जिनियरिङ, स्वास्थ्य, कृत्रिम बुद्धिमता (एआई)सँग सम्बन्धित काम गर्नेहरू, आइटीविज्ञलगायतका जनशक्तिको बढी माग हुने साउदीको भनाइ छ । यही लक्ष्य हासिल गर्न भनेर साउदीले आप्रवासी श्रमिकको श्रम स्वीकृतिलाई सीपको आधारमा उच्च सीपयुक्त, दक्ष र आधारभूत गरी तीन वर्गमा विभाजन गर्ने भनिसकेको छ ।

यसका साथै, साउदीले उच्च दक्ष श्रमिकलाई 'सिजनल भिसा'मा लग्ने गरेकाले नेपालबाट त्यसमा पठाउन सम्भव नभएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष तथा साउदी संयोजक बैकुण्ठ पौडेल 'वैभव'ले बताए । 'उच्च दक्ष श्रमिकलाई सिजनल भिसामा लग्छ । नेपालबाट साउदीमा सिजनल भिसामा पठाउने प्रावधान छैन । हामीले कम्तीमा दुई वर्षको श्रम स्वीकृति गरेर पठाउनुपर्छ,' उनले भने, 'उच्च सीपयुक्त श्रमिकलाई फ्रि-भिसामै लग्ने गरेको छ । तर सरकारले सिजनल भिसाको फाइल प्रमाणीकरण नगरिदिँदा भारत, बंगलादेशलगायत मुलुकबाट यसमा जाने गरेका छन् ।'

त्यसैगरी, नेपालबाट श्रमिक लैजाने प्रक्रिया झण्झटिलो र लामो भएकाले पछिल्लो समय त्यहाँका रोजगारदाताले अन्य स्रोत मुलुक खोज्न थालेको उपाध्यक्ष पौडेलले बताए । 'हाम्रो मागपत्र प्रमाणीकरणको प्रक्रिया नै झण्झटिलो छ । यहाँबाट श्रमिकलाई साउदी पठाउन कम्तीमा पनि साढे दुई महिनादेखि तीन महिना लाग्छ । अन्य मुलुकबाट १० देखि १५ दिनमा श्रमिक लग्न सक्छ,' उनले भने ।

संघका साउदी संयोजक पौडेलका अनुसार नेपालीहरू करार अवधि सकिनासाथ फर्किहाल्ने प्रवृत्तिका कारण पनि केही वर्षअघिको तुलनामा श्रमिकको माग घटिरहेको छ ।

क्रमशः पृष्ठ २ मा



हामीले कम्तीमा दुई वर्षको श्रम स्वीकृति गरेर पठाउनुपर्छ । उच्च सीपयुक्त श्रमिकलाई फ्रि-भिसामै लग्ने गरेको छ । तर सरकारले 'सिजनल भिसा'को फाइल प्रमाणीकरण नगरिदिँदा नेपाली श्रमिक वञ्चित हुनुपरेको अवस्था छ ।

**बैकुण्ठ पौडेल 'वैभव'**
साउदी संयोजक, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




## पृष्ठ १ बाट क्रमशः

### मुख्यमन्त्री...

संविधानको धारा १६८ को उपधारा २ अनुसार मुख्यमन्त्री हुन कुनै संसदीय दलको नेता हुन आवश्यक देखिन्न । 'उपधारा १ बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूकै समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने छ,' उपधारा २ मा भनिएको छ । उपधारा १ मा प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान रहेको छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी मुख्यमन्त्री लामासँग विश्वासको मत छ कि छैन भनेर जाँच्न सक्ने अवस्थामा रहेको बताउँछन् । 'मुख्यमन्त्री भएको व्यक्तिले संख्या कम भयो भने विश्वासको मत कायम छ भनेर फेस गर्छु भन्न सक्छ । १८८ को २ अनुसार फ्लोर टेस्ट गर्न सक्छन्,' त्रिपाठीले भने ।

संविधानको धारा १८८ को धारा २ मा विश्वासको मत र अविश्सासको प्रस्तावसम्बन्धी व्यवस्थामा मुख्यमन्त्रीको दल विभाजित भएमा ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने प्रावधान छ । धारा १८८ को उपधाराको उपधारा २ मा भनिएको छ, 'मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभासमक्ष प्रस्ताव राख्नुपर्ने छ ।'

■ ■ ■

### उत्कर्षमा...

शर्माले पार्टीमा वैचारिक अस्पष्टता र राजनीतिक अन्योलता भएकाले पार्टी पुनर्गठन गर्नुपर्ने मागसमेत गर्दै आएका छन् । मंगलबार उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'विशेष महाधिवेशनले पार्टीभित्रको वैचारिक अस्पष्टता, राजनीतिक अन्योलता, सांगठनिक अराजकता, विधिविहीनतासहित नयाँ पुस्ताको भावना र सपना सम्बोधन गर्ने कार्ययोजना तयार पार्न पार्टीको पुनर्गठन गर्ने छ ।'

तर, शर्माको यी प्रस्तावबारे दाहाल मौन छन् । बरु, पार्टीमा कुनै समस्या नरहेको बताएका छन् । 'मैले जति पनि सिँगौरी खेल्न दिएको छु, कतिपयलाई अहिले बिचौलिया र दलालले उचालिरहेका छन्,' दाहालको गुनासो छ ।

माओवादीमा दाहाल र शर्माबीच आन्तरिक शक्ति संघर्ष चलेको २०८० को फागुनदेखि थियो । त्यसबेला माओवादीको महाधिवेशन भएको थियो । महाधिवेशनबाट पार्टी महासचिवमा शर्माको आकांक्षा थियो । त्यसबेला चीनमा उपचार गराइरहेका अर्का उपमहासचिव वर्षमान पुनको पनि महासचिवमा हल्ला चलिरहेको थियो ।

तर, दुवैलाई महासचिव नबनाएर दाहालले देव गुरुङलाई बनाए । यसपछि दाहाल-शर्मा सम्बन्ध चिसियो । त्यहीबीच शर्माले पार्टी हाँक्ने दाबी गर्थे । गत वर्षको साउनमा बसेको स्थायी कमिटी बैठकमा त शर्माले दाहाललाई नेतृत्व छाड्न भन्दै लिखित प्रस्ताव नै अघि सारेका थिए । शर्माको त्यो प्रस्तावले माओवादीवृत्तमा ठूलै भुँइचालो ल्याइदियो, जसको परिणाम अहिले देखिँदै गएको छ ।

■ ■ ■

### साउदीमा...

साउदीले विगतमा अफ्रिकी मुलुकहरूबाट कम श्रमिक ल्याउने गरेकोमा हाल केन्या, कंगो, नाइजेरियालगायत मुलुकबाट बढी श्रमिक ल्याउन थालेको बुझिएको छ । सेवा क्षेत्रमा नेपालीहरूलाई रुचाइने गरेकामा यस क्षेत्रमा पनि माग घटेको पौडेलले बताए । बंगलादेश, भारतलगायत मुलुकबाट जानेहरू एउटै कम्पनीमा पाँचदेखि १० वर्षसम्म बस्ने तर नेपालीहरू दुई वर्ष पुग्नासाथ फर्किने प्रवृत्तिलाई रोजगारदाताले नरुचाएको उनको भनाइ छ ।

नेपालीहरूको प्रमुख श्रम गन्तव्यको रूपमा रहेको साउदीमा चार लाखभन्दा बढी नेपाली श्रमिक रहेको तथ्यांक छ । वैदेशिक रोजगार विभागको तथ्यांक आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जना श्रमिक व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर साउदी गएका छन् ।

साउदीमा श्रमिकको माग बढे पनि नेपालमा आउने मागपत्र भने अहिलेकै हाराहारीमा हुने आकलन व्यवसायीहरूको छ ।

# फोहोरपानी प्रशोधन केन्द्र निर्माण

■ प्रभाव संवाददाता

**काठमाडौं-** मेलम्ची खानेपानी आयोजनाको उपआयोजना-२ अन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) ले काठमाडौं, ललितपुर र भक्तपुरमा दुई फोहोरपानी प्रशोधन केन्द्र निर्माण गरेको छ ।

काठमाडौंको गुहचेश्वरीमा प्रतिदिन तीन करोड २४ लाख लिटर फोहोरपानी प्रशोधन क्षमताको 'गुहचेश्वरी फोहोरपानी प्रशोधन केन्द्र' निर्माण गरी सञ्चालनमा ल्याइएको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रुमख लक्ष्मीराज उपाध्यायले जानकारी दिए । उनका अनुसार पशुपति क्षेत्रभन्दा उपल्लो तटीय क्षेत्रबाट आउने फोहोरपानी प्रशोधन गरी सफा र स्वच्छ पानी बागमती नदीमा प्रवाह गर्ने उद्देश्यले केन्द्र निर्माण गरिएको हो । ललितपुरको धोवीघाटमा निर्माणाधीन दुईमध्ये प्रतिदिन तीन करोड ७० लाख लिटर फोहोरपानी प्रशोधन क्षमताको एउटा प्रशोधन केन्द्र निर्माण सम्पन्न भएको छ ।

धोवीघाटकै अर्को फोहोरपानी प्रशोधन केन्द्रसहित कोड्कु र भक्तपुरको सल्लाघारीमा पनि फोहोरपानी प्रशोधन केन्द्र निर्माण जारी छ । निर्माणाधीन केन्द्रमध्ये धोविघाटकै अर्को केन्द्रको फोहोरपानी प्रशोधन क्षमता प्रतिदिन तीन करोड ७० लाख लिटर, कोड्कुको एक करोड ७५ लाख लिटर र सल्लाघारीको एक करोड ४२ लाख लिटर रहनेछ ।

त्यसैगरी, निर्देशनालयबाट ललितपुर महानगरपालिकाकोसमेत सहयोगमा ऐतिहासिक पाटन दरबार क्षेत्र र आसपासका क्षेत्रमा युनेस्कोको मापदण्डमा रहेर ढल प्रणाली निर्माण गरिएको छ । यस कार्यबाट उक्त ऐतिहासिक क्षेत्रमा वर्षायाममा सडक जलमग्न हुने र ढल तथा मंगल जाम हुने समस्या समाधान भएको प्रमुख उपाध्यायले बताए । निर्देशनालयले निर्माण सम्पन्न भएका पानीपोखरी, थोक वितरण प्रणाली र त्रिभुवन विश्वविद्यालयसहित कूल ३३ खानेपानी वितरण प्रणाली (डिएमए) मध्ये १४ वटाको स्वामित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिसकेको छ ।

कीर्तिपुर र आरूबारीमा निर्माण गरिएका दुई पानीपोखरी तथा बाँकी रहेका १९ खानेपानी वितरण प्रणालीमध्ये ११ वटाको स्वामित्व हस्तान्तरण गर्ने तयारी रहेको आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता विकेश बधानथाछेले जानकारी दिए । काठमाडौं उपत्यकामा आगलागी नियन्त्रणका लागि सबै खानेपानी वितरण प्रणाली (डिएमए) हरूबाट दमकलमा पानी भर्न तथा सीधै पाइप जोडेर आगलागी नियन्त्रण गर्न सकिनेगरी कूल ३४८ फायर हाइड्रेड प्रणालीको व्यवस्था गरेको निर्देशनालयले जनाएको छ ।


**युएइमा रोजगार** कम्पनी : CMS PRINTING PRESS LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/१३ LT. No. 322408 चलानी नं. ६०२३६४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 2 | 0 | 3000 | १,१३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Inspire श्रम इजाजत नं. १२६२/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



**युएइमा रोजगार** कम्पनी : HILL SUN BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१३ LT. No. 328069 चलानी नं. ६०२४१९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1000 | ३७,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 20 | 0 | 1500 | ५६,७४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम इजाजत नं. ८८३/०६७/०६८


## वन नियमावली बमोजिम काठ र दाउरा लिलाम बिकी सहमति सम्बन्धमा

*प्रकाशित मिति : २०८२/०४/१४*

प्रस्तुत विषयमा उपर्युक्त सम्बन्धमा डिभिजन वन कार्यालय कञ्चनपुरको च.नं. १८९५ मिति २०८१/११/२५ गतेको काठ/दाउरा संकलन ईजाजत अनुसार श्री अपि सामुदायिक वन उपभोक्ता समुह, लालझाडी गा.पा २, ले संकलन गरी घाटगद्दी गरीएको तपसिलको खयर जातको गोलिया काठ र दाउरा वाह्य विक्री वितरण गर्न समूहको मिति २०८२/०३/३० गतेको बैठकको निर्णय सहित माग भई लालझाडी सब डिभिजन वन कार्यालयमा पेश हुँदा उक्त कार्यालयको च.नं. ०२ मिति २०८२/०४/०६ को पत्रबाट बाह्य विक्री वितरणका लागी सिफारिश भई आएकोले डिभिजन वन कार्यालयको तर्फबाट अधिकृत श्री विमल चन्दबाट र वन निर्देशनालय धनगढी कैलालीका सहायक वन अधिकृत अनिशा मरहठाबाट घाटगद्दी निरीक्षण तथा ग्रेडिङ चेकजांच भई यस कार्यालयमा प्रतिवेदन पेश गरेकोमा उक्त सा.व.उ.स.ले कार्ययोजनामा उल्लेखित वार्षिक स्वीकृत कटान (AAC) को परिधिभित्र रहि दाउरा काठ संकलन गरेकोले तपसिल बमोजिमको प्रजाती, थान, परिमाणको काठको समुह वाहिर विक्रीवितरण गर्न सामुदायिक वनको काठ र दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ र सुदुपश्चिम प्रदेशको सामुदायिक वनको काठ र दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७९ अनुसारको प्रक्रिया पूरा गरी लिलाम बिक्री वितरण गर्न सहमति दिईएको छ। राष्ट्रिय स्तरमा प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकामा २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्नुका साथै जिल्ला र स्थानीय स्तरका सरोकारवाला सबै कार्यालयहरूमा विस्तृत सूचना टाँस गराई व्यापक प्रचार प्रसार गर्न हुन जानकारी गराईन्छ। सहमति दिईएको वाहेकका काठ विक्री गरेमा वा कुनै किसिमको अनियमित भए गरेमा सो को जिम्मेवार स्वयं समूह नै हुने र प्रचलित वन ऐन, नियम बमोजिम कारवाही हुने व्यहोरा समेत अग्रिम जानकारी गराईन्छ ।

**तपसिलः**

| सि.नं. | संकलन गरिएको आ.व. | जात | विक्री वितरण सहमति प्रदान गरेको काठको विवरण | | | कार्ययोजनामा उल्लेखित AAC | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | थान | परिमाण (क्यू फिट) | | |
| १. | २०८१/८२ | खयर | - | २८९ | ६६२.०४ | ८०८.९ | |

**श्री अपि सामुदायिक वन उपभोक्ता समूह, लालझाडी गा.पा वडा नं. २, कञ्चनपुर**

## वन नियमावली बमोजिम काठ र दाउरा लिलाम बिकी सहमति सम्बन्धमा

*प्रकाशित मिति : २०८२/०४/१४*

प्रस्तुत विषयमा उपर्युक्त सम्बन्धमा डिभिजन वन कार्यालय कञ्चनपुरको च.नं. १७७२ मिति २०८१/११/१८ गतेको काठ/दाउरा संकलन ईजाजत अनुसार श्री बैजनाथ सामुदायिक वन उपभोक्ता समुह, लालझाडी गा.पा ५, ले संकलन गरी घाटगद्दी गरीएको तपसिलको खयर जातको गोलिया काठ र दाउरा वाह्य विक्री वितरण गर्न समूहको मिति २०८२/०३/३२ गतेको बैठकको निर्णय सहित माग भई लालझाडी सब डिभिजन वन कार्यालयमा पेश हुँदा उक्त कार्यालयको च.नं. ०३ मिति २०८२/०४/०६ को पत्रबाट बाह्य विक्री वितरणका लागी सिफारिश भई आएकोले डिभिजन वन कार्यालयको तर्फबाट अधिकृत श्री विमल चन्दबाट र वन निर्देशनालय धनगढी कैलालीका वरिष्ठ वन अधिकृत भक्तराज गिरीबाट घाटगद्दी निरीक्षण तथा ग्रेडिङ चेकजांच भई यस कार्यालयमा प्रतिवेदन पेश गरेकोमा उक्त सा.व.उ.स.ले कार्ययोजनामा उल्लेखित वार्षिक स्वीकृत कटान (AAC) को परिधिभित्र रहि दाउरा काठ संकलन गरेकोले तपसिल बमोजिमको प्रजाती, थान, परिमाणको काठको समुह वाहिर विक्रीवितरण गर्न सामुदायिक वनको काठ र दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ र सुदुपश्चिम प्रदेशको सामुदायिक वनको काठ र दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७९ अनुसारको प्रक्रिया पूरा गरी लिलाम बिक्री वितरण गर्न सहमति दिईएको छ। राष्ट्रिय स्तरमा प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिकामा २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्नुका साथै जिल्ला र स्थानीय स्तरका सरोकारवाला सबै कार्यालयहरूमा विस्तृत सूचना टाँस गराई व्यापक प्रचार प्रसार गर्न हुन जानकारी गराईन्छ। सहमति दिईएको वाहेकका काठ विक्री गरेमा वा कुनै किसिमको अनियमित भए गरेमा सो को जिम्मेवार स्वयं समूह नै हुने र प्रचलित वन ऐन, नियम बमोजिम कारवाही हुने व्यहोरा समेत अग्रिम जानकारी गराईन्छ ।

**तपसिलः**

| सि.नं. | संकलन गरिएको आ.व. | जात | विक्री वितरण सहमति प्रदान गरेको काठको विवरण | | | कार्ययोजनामा उल्लेखित AAC | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | थान | परिमाण (क्यू फिट) | | |
| १. | २०८१/८२ | खयर | - | ७६ | १७१.१३ | १८७.६ | |

**श्री बैजनाथ सामुदायिक वन उपभोक्ता समूह, लालझाडी गा.पा वडा नं. ५, कञ्चनपुर**


**साउदीमा रोजगार** कम्पनी : MOHAMMED AHMED BIN ABDULLAH AL HAMID TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/१३ LT. No. 327947 चलानी नं.६०२४१८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer(vahicle Washing & Greasing | 3 | 0 | 1200 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULAZIZ BIN MOHAMMED AL-SAAWI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/१३ LT. No. 327946 चलानी नं.६०२४१८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1200 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH ABDULAZIZ BIN MOHAMMED AL-SAAWI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/१२ LT. No. 327948 चलानी नं.६०२४१८६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer(vahicle Washing & Greasing | 2 | 0 | 1200 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस D.Squared Group Pvt. Ltd. (Nava Jyoti H.R. Solution) (ई.प.नं. १५०५/०७४/७५) मा कार्यरत **सरस्वती थापा** (**ना.प्र.प्र.नंः** ०४-०१-७२-०२४४६) **र अनिशा खड्का** (**ना.प्र.प्र.नं**:२१-०१-७६-०५२१४) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LIC No. 1505/074/75
D.SQUARED GROUP PVT. LTD.(NAVA JYOTI H.R. SOLUTION)
Sinamangal-09, Kathmandu, Nepal, Tel: +977 985-1110238
E-mail : dsquaredgroup23@gmail.com, Web: www.dsquaredhrsolution.com

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**बुधबार, १४ साउन, २०८२**

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **वृष** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मिथुन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **तुला** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **वृश्चिक** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **धनु** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मकर** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कुम्भ** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **मीन** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ साउन , २०८२ (३० जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.३७ | १३८.९७ |
| युरो | १ को | १६१.२१ | १६१.९१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६२ | १८६.४३ |
| स्विस फ्रैन्क | १ को | १७२.७० | १७३.४५ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३१ | ९०.७० |
| क्यानाडियन डलर | १ को | १००.७८ | १०१.२२ |
| सिङ्गापुर डलर | १ को | १०७.७२ | १०८.१९ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १९.२९ | १९.३७ |
| साउदी अरब रियाल | १ को | ३६.८९ | ३७.०५ |
| कतारी रियाल | १ को | ३७.९६ | ३८.१२ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६७ | ३७.८४ |
| मलेसियन रिङेट | १ को | ३२.७० | ३२.८५ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १४.४५ | १४.५१ |
| डेनिस क्रोनर | १ को | २१.६० | २१.७० |
| हङकङ डलर | १ को | १७.६३ | १७.७० |
| कुवेती दिनार | १ को | ४५३.२७ | ४५५.२४ |
| बहराइन दिनार | १ को | ३६७.०९ | ३६८.६८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# नेपालमा बाघको संख्या ३५५, 'धान्ने क्षमता' चार सय

■ भीष्मराज ओझा



**काठमाडौं–** मंगलबार 'विश्व बाघ दिवस' मनाइएको छ । पाटेबाघ संरक्षणको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष जुलाई २९ मा यो दिवस मनाइँदै आएको छ । सन् २०१० मा रुसको सेन्टपिटर्स वर्गमा आयोजित अन्तर्राष्ट्रिय बाघ मञ्चले उक्त घोषणा गरेसँगै 'विश्व बाघ दिवस' मनाउन थालिएको हो । उक्त मञ्चमा पहिलो विश्व बाघ सम्मेलन भएको थियो । नेपालमा पनि दिवसका अवसरमा वन तथा वातावरण मन्त्रालयले विभिन्न कार्यक्रम गर्दै आएको छ । सन् २०२२ मा गरिएको पछिल्लो राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको संख्या ३५५ पुगेको छ ।

नेपालमा बाघको संख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव-बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन् । मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैंसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन् । त्यस्तै कतिपय अवस्थामा बाघको चोरीसिकार हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्ने क्रम पनि बढेको छ ।

## बाघको संख्याको "धान्ने क्षमता" चार सय

वर्तमान अवस्थामा नेपालमा बाघको संख्याको आवश्यकताका बारेमा बहस सुरु भएको छ । कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको संख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको संख्याको 'धान्ने क्षमता' (क्यारिङ क्यापासिटी) ४०० हाराहारी रहेको बताएका छन् ।

नेपालमा बाघको संख्याको 'धान्ने क्षमता'का बारेमा हाल मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल)लगायत संस्थाले अध्ययन गरिरहेका छन् ।

जेडएसएलका राष्ट्रिय प्रतिनिधि डा. भगवानराज दाहालले अध्ययनको प्रारम्भिक प्रतिवेदनले नेपालमा बाघको संख्या धान्ने क्षमता ४०० हाराहारी रहेको जानकारी दिए । उनले भने, 'त्यसैले अहिले बाघको संख्या बढी भयो भन्न मिल्दैन, बरु बाघलाई आफ्नो बासस्थानमा अडिनका लागि गुणस्तरीय आहारा वृद्धि गर्न पानीका स्रोत र घाँसेमैदान बढाउनतर्फ लाग्नुपर्छ ।' उनले बाघको संख्याको अनुपातमा हाल संरक्षणको क्षेत्रफल कम नभएको तर्क गर्दै बासस्थानको गुणस्तरीयता बढाउनुपर्नेमा जोड दिए ।

पाटेबाघ विश्वका १३ देशमा पाइन्छन् । ती मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको संख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो । उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको संख्या १२१ लाई बढाएर दोब्बर पुर्‍याउने प्रतिबद्धता जनाएको थियो । हाल नेपालमा बाघको संख्या बढेर त्यसको झण्डै तेब्बर पुगेको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) का निर्देशक तथा बाघ विषयमै विद्यावारिधि गरेका डा. चिरिञ्जीवीप्रसाद पोखरेलले मुलुकको पर्यापर्यटनमा बाघको सबैभन्दा बढी महत्त्व रहेको उल्लेख गरे । उनले बाघ निश्चित क्षेत्रफल ओगटेर बस्ने र अर्को भालेसँगको जुधाइ, आहाराको खोजी, जंगलभित्रका खोला पोखरी सुक्दा खानेपानीको खोजीलगायत कारणमात्र बासस्थानबाट बाघ जंगल बाहिर आउने गरेको बताए ।

## मानव-बाघ सहअस्तित्वका कार्यक्रम आवश्यक

'बाघले आफ्नो आनीबानी परिवर्तन नगर्ने भएकाले मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि मानिसले संरक्षित क्षेत्रमा जानेलगायत आनीबानी परिवर्तन गर्नुपर्छ,' निर्देशक डा. पोखरेलले भने, 'मन्त्रालयसँग मिलेर हामीले बाघ संरक्षणका सवालमा समुदायमा जनचेतना जगाउने र आयआर्जनलगायत सीपमूलक तालिम तथा कार्यक्रम गर्दै आएका छौं ।' उनले पर्यापर्यटन प्रवर्द्धन गर्न र मानवसँगको द्वन्द्व रोकथामका लागि मानव-बाघ सहअस्तित्वका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

पछिल्लो सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा १२५ बाघ रहेका छन् । त्यस्तै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको मन्त्रालयको तथ्यांक छ । नेपालले वि.सं. २०६७ देखि बाघ दिवस मनाउँदै हरेक चार वर्षमा राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ । नेपालमा बाघको संख्या सन् १९९५ मा ९८, सन् २००० मा १०९, सन् २००५ मा १२६, सन् २००९ मा १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा बाघको संख्या बढेर २३५ पुगेको थियो ।

विश्वजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले बाघ पर्यापर्यटनको ठूलो धरोहर भएको बताउँदै सबै मिलेर यसको संरक्षणमा लाग्नुपर्ने बताए । मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि जंगल वरपरका स्थानीयलाई जंगल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने उनको सुझाव छ । उनले भने, 'वन्यजन्तुको बासस्थानको राम्रो व्यवस्थापन गर्नसके वन्यजन्तु बाहिर निस्किँदैनन् र स्थानीयलाई पनि वैकल्पिक आयको व्यवस्था गर्नसके जीविकोपार्जनका लागि जंगल जान बाध्य नहुने अवस्था बनाउन सकिन्छ । यसमा सरोकारवाला सबै लाग्नुपर्छ ।' बाघ समस्या नभएको र यसको व्यवस्थापन गर्नुपर्ने उनको तर्क छ ।

## विश्वमा बाघको संख्या पाँच हजार ३५७

नेपालबाहेक भारत, चीन, भुटान, रुस, बंगलादेश, भियतनाम, म्यान्मा, मलेसिया, इण्डोनेसिया, थाइल्याण्ड र लाओसमा पाटेबाघ पाइन्छन् । विश्वभर सन् १९०० सम्म एक लाखको हाराहारीमा बाघको संख्या रहेको अनुमान थियो । त्यो संख्या सन् २०१० मा घटेर तीन हजार २०० मा सीमित भएको थियो ।

विश्व वन्यजन्तु कोषको तथ्यांकअनुसार त्यसपछिका विश्वभरबाट भएका संरक्षणका प्रयासले बाघको संख्या बढेर सन् २०१६ मा तीन हजार ९०० र सन् २०२२ मा चार हजार ५०० पुगेको थियो । सन् २०२५ पछिल्लो तथ्यांकअनुसार विश्वमा बाघको संख्या बढेर पाँच हजार ३५७ पुगेको छ । त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १६७, रुसमा ७५०, इण्डोनेसियामा ४००, नेपालमा ३५५, थाइल्याण्डमा १८९, भुटान १५१, मलेसियामा १५०, बंगलादेशमा १४६, म्यान्मामा २२ चीनमा २० भियतनाममा पाँच र लाओसमा दुई वटा बाघ रहेका छन् ।

निकुञ्ज विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यले छिमेकी मुलुक भारतका राष्ट्रिय निकुञ्जमा रहेका बाघको घनत्व हेर्दा नेपालको बाघको संख्या धेरै भयो भन्न नमिल्ने बताए । गुणस्तरीय घाँसेमैदान, पानीको स्रोत र आहारा वृद्धि गरी बाघको संख्या अहिलेकै क्षेत्रफलमा थप गर्न सकिने प्रशस्त सम्भावना रहेको उनको तर्क छ ।

मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि आफूहरूले विभिन्न प्रयास गरिरहेको उल्लेख गर्दै उनले भने, 'विभागले विभिन्न निकायसँग मिलेर बाघ र मानव सहअस्तित्वका विभिन्न कार्यक्रम गरिरहेको छ । बाघ जंगलको भित्री भागमा रहिरहनका लागि गुणस्तरीय आहाराको वृद्धि र स्थानीयलाई पनि जीविकोपार्जनका लागि जंगलको भित्री भागमा जान बाध्य नहुने अवस्थाका लागि प्रयास गरिरहेका छौं ।'

## देशभरका खोरमा १८ समस्याग्रस्त बाघ

बाघको संख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढ्दो छ । खासगरी मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको संख्या १८ वटा छ । तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा पाँच, चितवन राष्ट्रिय निकुञ्जमा सात, बर्दिया राष्ट्रिय निकुञ्जमा चार, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक बाघ खोरमा राखिएका छन् । यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ ।

बाघलाई मार्न र बेचबिखन गर्न नपाइने कानुनी प्रावधान छ । तसर्थ, समस्याग्रस्त यस्ता बाघको व्यवस्थापनका लागि 'टाइगर जु' स्थापना गर्नुपर्ने, मित्रराष्ट्रलाई वन्यजन्तु कूटनीतिमार्फत उपहारस्वरूप प्रदान गर्नुपर्ने, प्रदेशमा रहेका प्राणी उद्यानमा व्यवस्थापन गरी आयआर्जन गर्न सकिने, केही उपाय नलागे मार्नुपर्नेलगायत विकल्पमाथिसमेत बहस सुरु भएको छ । *रासस*


## ओमनमा रोजगार

कम्पनी : Lulu Muscat Hypermarket LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 328011 | चलानी नं. ६०२४१९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing and Packaging Worker | 100 | 0 | 100 | ३६,०७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. १००९/०६८/६९



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 328056 | चलानी नं. ६०२४१८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 80 | 0 | 1000 | ३६,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


YUSHO GLOBAL PVT. LTD.
श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा रोजगार

कम्पनी : DR CAFE HOLDING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 327982 | चलानी नं. ६०२४१८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista Coffee Maker | 15 | 0 | 1500 | ५५,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १०६८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## साउदीमा रोजगार

कम्पनी : Al-Wissam Engine Workshop Establishment

पूर्व स्वीकृति मिति : २०८२/04/०९ | LT. No. 327770 | चलानी नं.६०२४१८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | worker of workshop | 2 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Asri United Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/04/०७ | LT. No. 327614 | चलानी नं.६०२४१८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labour (loading & Unloadind) | 4 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al-Shahili Engineering Industries Factory Company

पूर्व स्वीकृति मिति : २०८२/04/०२ | LT. No. 327361 | चलानी नं.६०२४१८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 4 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Majid Fahid Al Mutairi Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/04/०७ | LT. No. 327612 | चलानी नं.६०२४१८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Majid Fahid Al Mutairi Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/04/०७ | LT. No. 327613 | चलानी नं.६०२४१८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1000 | ३६,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80


डि.स.का. द.नं. २१५८/०६५/६६

## हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

NEFSCUN

च.न.पा.–१२, बलम्बु(भास्तिपुर), काठमाडौं

### अचल सम्पति लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८२/०४/१४

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले तपशिलमा उल्लेखित अचल सम्पतिहरूको धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जाको भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट ऋणीहरूलाई बारम्बार लिखित, मौखिक तथा विद्युतिय माध्यमहरूबाट तरताकेता गर्दा र मिति २०८२ साल बैशाख २५ गते ३५ दिने राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पतिहरू लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ । निज ऋणीहरूसंग लिनुपर्ने लिलाम हुने मिति सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी उल्लेखित धितो सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानून बमोजिम लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । त्यसैले तपशिलमा उल्लेखित उक्त धितो जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा सकार गरि लिन चाहने व्यक्ति वा फर्महरूले यसै संस्थामा स्वयम उपस्थित भई बोल कबोलमा भाग लिन आउनु हुन अनुरोध गरेका छौं । साथै उक्त सम्पति लिलाम बिक्री गर्दा संस्थाको लेना रकम बाँकी रहेमा ऋणी धनजमानीहरूको अन्य घै-घरानाबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । उक्त लिलामको दिन ऋणीहरूलाई पनि आफै उपस्थित हुनुहुन समेत जानकारी गराईन्छ । लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर भएमा कबुल रकमको कम्तिमा १० प्रतिशत रकम सोही दिन दाखिला गर्नुपर्ने छ । लिलाम बढाबढमा कसैले पनि लिलाम सकार नगरेमा संस्था आफैले सकार्नेछ । लिलाम हुने दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन लिलाम हुनेछ ।

लिलाम हुने मिति : २०८२ साल भाद्र १८ गते, बुधबार
लिलाम हुने समय : दिनको ११:00 बजे देखि २:00 बजेसम्म
लिलाम हुने स्थान : संस्थाको मुख्य कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, बलम्बु, काठमाडौं

#### तपशिल:

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : कृष्ण प्रसाद डोटेल — स.नं. : ०२८९४
स्था. ठेगाना : देउपुर-९, गौरि विसौना, काभ्रे
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ५७२०७/३४
बुबाको नाम : दशरथ डोटेल
बाजेको नाम : हरि नारायण डोटेल



**जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

नाम : दिपक आचार्य — स.नं. : ००५४७
स्था. ठेगाना : भरतपोखरी-३, कास्की
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १२०८४६
बुबाको नाम : विशेश्वर आचार्य
बाजेको नाम : होमनाथ आचार्य



नाम : राजु महर्जन — स.नं. : 0000५
सा. ठेगाना : बलम्बु-१, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ३९८
बुबाको नाम : रामचन्द्र महर्जन
बाजेको नाम : न्हुच्छे बहादुर महर्जन



**लिलाम हुने धितोको विवरण**

श्री कृष्ण प्रसाद डोटेलको नाममा मालपोत कार्यालय धुलिखेल, काभ्रेपलान्चोकमा दर्ता कायम रहेको गौरी बिसौना वडा नं. ५ कित्ता नं. १५५३ को १-१-१-0 (५४८.४८ व.मि) को जग्गा ।

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : शंकर सुनुवार — स.नं. : ०३७३७
स्था. ठेगाना : पिडा-५, धादिङ
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १/५०७८१
बुबाको नाम : गोकर्ण बहादुर सुनुवार
बाजेको नाम : खड्ग बहादुर सुनुवार



**जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

नाम : कमला सुनुवार
स्था. ठेगाना : पिडा-५, धादिङ
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. :
बुबाको नाम : गोकर्ण बहादुर सुनुवार
बाजेको नाम : खड्ग बहादुर सुनुवार

**लिलाम हुने धितोको विवरण**

श्री थुप्री सुनुवारको नाममा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको पिडा वडा नं. ५ कित्ता नं. ९७ को १-१०-१-३ (८४०.६१ व.मि) को जग्गा र वडा नं. ६ कित्ता नं. १८४ को १-१-३-0 (५६४.३८ व.मि.) को जग्गा ।

**धितो बन्धकि दिनेको तीन पुस्ते विवरण र फोटो**

नाम : थुप्री सुनुवार
स्था. ठेगाना : पिडा-५, धादिङ
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ३४३७
बुबाको नाम : अम्बर बहादुर सुनुवार
पतिको नाम : गोकर्ण बहादुर सुनुवार

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : नरेन्द्र तण्डुकार — स.नं. : ०२७५६
सा. ठेगाना : बलम्बु-७, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ९४७०
बुबाको नाम : नारायण तण्डुकार
बाजेको नाम : कान्छा तण्डुकार



**जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

नाम : चन्चल तण्डुकार — स.नं. : ०२७५७
सा. ठेगाना : बलम्बु-७, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १०४५/७७७८४
बुबाको नाम : विर्षबहादुर श्रेष्ठ
पतिको नाम : नरेन्द्र तण्डुकार



**लिलाम हुने धितोको विवरण**

श्री नरेन्द्र तण्डुकारको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको बलम्बु वडा नं. ५ कित्ता नं. ३०८ को ०-२-३-0 (८७.४३ व.मि) को जग्गा, वडा नं. ६ कित्ता नं. १०८९ को ०-३-१-२ (१०७.३० व.मि) को जग्गा र वडा नं. ७ कित्ता नं. ५८८ को ०-४-२-० (१४३.०६ व.मि.) को जग्गा ।

शर्त तथा बन्देज : उक्त सम्पति लिलाम बिक्री बोलकबोलमा सकार्ने व्यक्ति वा फर्मले सकारेको रकममा सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।

### मूल्य सूचीको सूचना !

यस रिलायन्स सुगर एण्ड **केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८२/०४/१४ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर — रु.११५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर — रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर — रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८२/०४/१४

यस कम्पनीको मिति २०८२/०२/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस्पायर टु लाइफ ग्रिन इकोलोजिकल गार्डेन** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्ष्टिच्युट** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्ष्टिच्युट**(प्रा.लि.नं.१५८५७८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग, काठमाडौंको
**सूचना**

प्रकाशित मिति: २०८२/०४/१४

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Max Employment Center Pvt. Ltd.** (**ई.प.नं.** 1531/078/79) को संचालक र शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८२/०४/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीहरु को नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या |
|---|---|
| १. आरती कुमारी साह - ०१ देखि २०००० सम्म | १. आरती कुमारी साह - ०१ देखि २०००० सम्म |
| २. शसि कुमार यादव - २०००१ देखि ४०००० सम्म | २. रेशम बहादुर खुलाल - २०००१ देखि ४०००० सम्म |
| ३. कृष्ण खनाल - ४०००१ देखि ६०००० सम्म | ३. पुष्पा खत्री - ४०००१ देखि ६०००० सम्म |


## साउदीमा रोजगार

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 327973 | चलानी नं. ६०२४१८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ९२,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 327974 | चलानी नं. ६०२४१८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloding Worker | 6 | 0 | 1000 | ३६,९६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



## कुवेतमा रोजगार

कम्पनी : SAAD AL-KHAIR FOODSTUFF RETAIL COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०४/१३ — चलानी नं.: ६०२४१८४८ — LT. No.: 327995

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 6 | स. काममा दक्ष | 100 | ४५,३२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## युएईमा रोजगार

कम्पनी : DARB ALSAFA TECHNICAL SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/११ — चलानी नं.: ६०२४१७२९ — LT. No.: 327898

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Bldg. Carpenter | 3 | 0 | | 1500 | ५६,५०५ | | | | | | | |
| 3. | Masons (Block & Tiles) | 3 | 0 | | 1500 | ५६,५०५ | | | | | | | |
| 4. | STEEL FIXER | 3 | 0 | | 1500 | ५६,५०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २१ गते (6 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मधेसको समस्या सम्बोधनमा जुटौं

**मध्य बर्खामा मधेस सुक्खा छ । आकाशेपानीको भरमा खेती हुने खेतहरू रोपाईंपछि पनि धाँजा फाट्न थालेका छन् । अन्नको भण्डारको रूपमा चिनिएको तराई क्षेत्रलाई आधार मान्दै सरकारले यसपटक बजेटमै चामलमा आत्मनिर्भर बन्ने नारा राख्यो । सरकारको योजनाहरू मधेसतिर केन्द्रित हुन थालेपछि अहिले पहाडबाट मानिसहरू तराई झरिरहेका छन् । यही बेला मधेस संकटमा परेको छ । पहिलेपहिले जमिनको सतहबाट २० फिटमै भेटिने पानी चापाकलमा ३० फिट गाड्दासमेत भेटिन छाडेको छ । यसलाई विज्ञहरूले चुरे दोहनदेखि जलवायु परिवर्तनको कारण मान्छन् । तर जमिनमा रिचार्ज हुनुपर्ने बर्खे पानीलाई खोलैखोला लखेट्ने र सडकबाट लखेट्ने काम अर्को कारक हुनसक्छ ।**

**किनभने हिजोआज पानीलाई न त जंगल पस्न दिन्छ, न खेत । सकेसम्म तीव्र गतिमा बग्ने नदीको भेलमा खसालेर पानी लखेट्ने काम विकासे परियोजनाहरूले गरिरहेको छ । नयाँ सडक, नयाँ सहरका कारण वन क्षेत्र मासिएका छन् । पहिलेपहिले सिमेन्टेड स्थान नहुँदा पानी जमिनमै रिचार्ज हुने गरिन्थ्यो । अर्को रमाइलो विषय भनेको सरकारको मौसम पूर्वानुमान शाखाले पानी पर्ने अनुमान गरिरह्यो । तर मधेस क्षेत्रमा जल तथा मौसम विज्ञान विभागअन्तर्गतको यो शाखाले गरेको भविष्यवाणी मिलेन ।**

**सदनमा पनि यो विषयले ठाउँ पाएन । बरु तीव्र आलोचना खेप्दै आएको सरकारले भने साउन ७ गते मन्त्रिपरिषद्को बैठक राखेर संकटग्रस्त क्षेत्र घोषणा गर्‍यो । चुप लागेर हात बाँधेर बसेको सरकारले जब मधेस प्रदेश सरकारले सुक्खाग्रस्त घोषणा गर्‍यो, तब संघीय सरकार तात्यो । सबैको ध्यान तराई–मधेसले तान्यो । यसले देखाउँछ, हाम्रो देशका सबै निकायहरूको समन्वयकारी भूमिका । कहीं कतै कसैको पनि, न त निजी क्षेत्र र न त सरकार दुवै 'तुलामा राखे बराबर' भनेझैं देखिएको छ ।**

**तराई–मधेसको वर्तमान समस्या अत्यन्त जटिलता निम्त्याउने समस्या हो । यो विपद्को सबै मिलेर सामना गर्नुको विकल्प छैन । खेती गर्ने मौसममै पानीको हाहाकार भएपछि भोलि यसले निम्त्याउने समस्यालाई सम्बोधन के कसरी गर्न सकिन्छ, तत्काल र दीर्घकालीन समाधानका उपाय खोजौं । दीर्घकालीन समाधान भनेको सिँचाइको व्यवस्था गर्नु नै हो । यसका लागि आजैबाट थालनी गरौं । मधेसको यो समस्याबाट पाठ सिकेर प्रभावकारी योजना बनाऔं ।**

## श्रम सरोकार

### वैदेशिक रोजगार बोर्डले के–के काम गर्छ ?

१. नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजीका लागि अध्ययन गर्ने, गराउने ।
२. वैदेशिक रोजगार प्रवर्द्धनका लागि सूचना संकलन, प्रशोधन र प्रकाशन गर्ने ।
३. वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन गर्ने गराउने ।
४. वैदेशिक रोजगारीमा गएका कामदारको हित संरक्षणसम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।
५. विदेशबाट फर्की आएका कामदारको सीप, पुजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्रहितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने ।
६. विभिन्न मुलुकसँग गरिने श्रम सम्झौतासम्बन्धी आवश्यक कार्य गर्ने ।
७. वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्न योग्यता तोक्नुका साथै तालिमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने ।
८. वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा कामदार र व्यवसायीको हकहितको संरक्षण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गर्ने ।
९. वैदेशिक रोजगार ऐनको कार्यान्वयन सम्बन्धमा समष्टीगत रूपमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने साथै कानुनको पुनरवलोकन गर्नुपर्ने देखिएमा सोको पुनरवलोकन गरी आवश्यक सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।
१०. सेवा शुल्क तथा प्रवर्द्धनको खर्च निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने ।
११. नेपाली कामदारले विदेशमा कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउनका लागि नेपाल सरकारलाई परामर्श दिने ।
१२. वैदेशिक रोजगारसम्बन्धी कानुनविपरीत कुनै काम कारबाही कसैबाट भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
१३. इजाजतपत्रप्राप्त वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण र सीपमूलक तालिम सञ्चालन गर्ने संस्थाको अनुगमन गर्ने गराउने ।
१४. अनुगमन गर्दा वा गराउँदा कसैबाट ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम भएको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
१५. आफूले सञ्चालन गरेको कार्यहरूको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने ।

# युवा पुस्तामा सकारात्मक सोचको खाँचो



■ राज कार्की

युवाहरु केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ । आजका युवा वर्तमानका कर्ता हुन् । उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो । समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ । यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ ।

आजको युग तीव्र गतिमा परिवर्तन भइरहेको छ । विज्ञान, प्रविधि, सूचना र सञ्चारको तीव्र विकासले मानव जीवनलाई सहज र गतिशील बनाएको छ । तर, यही परिवर्तनको आँधीभित्र युवा पुस्ता दिशाहीन, दिग्भ्रमित र चिन्तित भइरहेका छन् । उनीहरूलाई आत्मविश्वासभन्दा बढी डर छ, आशाभन्दा बढी शंका छ, उद्देश्यभन्दा बढी अन्योल छ । यस्तो अवस्थामा सकारात्मक सोच नै उनीहरूको जीवनलाई नयाँ दिशा दिनसक्ने एउटै शक्तिशाली उपाय हो । त्यसैले, युवालाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ ।

आजको प्रतिस्पर्धात्मक युगमा युवा भविष्यप्रति अन्योल, मानसिक तनाव, र असन्तुष्टिको दबाबमा छन् । सामाजिक सञ्जाल, बेरोजगारी, पारिवारिक अपेक्षा, र असफलताले उनीहरूमा नकारात्मक सोच विकास गर्न सक्ने सम्भावना बढेको छ । यस्तो अवस्थामा युवामा सकारात्मक सोचको खाँचो गम्भीर र आवश्यक विषय हो । सकारात्मक सोच भनेको हरेक परिस्थितिमा आशाको उज्यालो देख्ने सोच हो । यो सोचले व्यक्ति कठिनाइमा डराउनुको सट्टा समाधान खोज्न थाल्छ । जब जीवनमा समस्या आउँछ, नकारात्मक सोचले भन्छ, 'अब केही हुँदैन ।' तर सकारात्मक सोच भन्छ, 'यही समस्या समाधानको नयाँ अवसर हो ।' सकारात्मक सोच भनेको केवल सुखद् सपना देख्नुमात्र होइन, ती सपना साकार गर्न साहसपूर्वक संघर्ष गर्नु हो ।

सकारात्मक सोच कुनै जादू होइन, तर जीवनलाई सरल, सफल र सन्तुलित बनाउने सशक्त मानसिक अवस्था हो । हरेक परिस्थितिमा उज्यालो देख्न सक्ने दृष्टिकोण विकास गरेमा जीवनका चुनौती पनि अवसर बन्न सक्छन् । त्यसैले, सकारात्मक सोच केवल सोचको शैली होइन, यो जीवन जिउने कला हो । 'म सक्छु', 'यो सम्भव छ' भन्ने भावना जागृत गराउन, असफलतालाई पाठको रूपमा लिने प्रवृत्तिको विकासले नकारात्मक सोच विस्तारै हराउँदै जान्छ । ध्यान, योग वा मननले पनि मानिसको मानसिक स्पष्टता र सकारात्मक ऊर्जा ल्याउँछ ।

नेपालमात्र होइन, विश्वभर नै युवा पुस्ता मानसिक तनाव, बेरोजगारी, पारिवारिक दबाब र सामाजिक तुलनाको भारमा थिचिएका छन् । उनीहरू सामाजिक सञ्जालमा अरूको झूठो जीवनसँग आफ्नो वास्तविकता तुलना गर्दै आत्मग्लानि र हीन भावना पालिरहेका छन् । परिणामस्वरूप, आत्महत्या, मादकपदार्थको दुरूपयोग, अपराधमा संलग्नता र मानसिक रोग दिनदिनै बढ्दो क्रममा छ । यस्तो अवस्थामा उनीहरूलाई केबल शिक्षा दिएर पुग्दैन, उनीहरूलाई मानसिकरूपमा सशक्त बनाउनुपर्छ । सकारात्मक सोचमा आधारित जीवन सीपको प्रशिक्षण अहिलेको यथार्थ आवश्यकता हो ।

सकारात्मक सोचले आत्मविश्वासको विकास गराउँछ । उनीहरू असफलतालाई पनि सिकाइको अवसरका रूपमा लिन्छन् । यसले मानिलाई संकटमा अवसर देख्ने क्षमताको विकास गराउँछ । संकटमा रुने होइन, त्यो अवसरमा रूपान्तरण गर्ने सोच युवामा विकास हुन्छ । व्यक्तिको नेतृत्व विकासमा पनि यसले मद्दत गर्दछ । सकारात्मक सोच भएका युवा नेतृत्वको क्षमतामा अगाडि बढ्छन् । उनीहरू समस्या समाधानकर्ता बन्छन्, गुनासो गर्ने होइन । यदि युवामा सकारात्मक सोच विकास गरियो भने, उनीहरू केवल आफ्नै जीवन सुधार्न सक्ने होइनन्, समाज र राष्ट्रको निर्माणमा पनि महत्त्वपूर्ण योगदान दिन सक्ने छन् । त्यसैले आजको आवश्यकता भनेको युवालाई सही दिशामा सोच्न प्रेरित गर्नु हो ।

सकारात्मक सोच भएका व्यक्तिले समाजमा पनि विशिष्ट योगदान दिन सक्छन् । उनीहरू समाज सुधार, स्वदेशमै उद्यम स्थापना र राष्ट्र निर्माणमा योगदान दिन सक्षम हुन्छन् । साथै, उनीहरूले अरू व्यक्तिमा सकारात्मक ऊर्जा फैलाउने काममा पनि सकारात्मक सोच भएको व्यक्ति केवल आफू सफल हुँदैन, ऊ वरपर पनि सकारात्मक ऊर्जा फैलाउँछ । यसले सामाजिक सद्भाव र एकता बढाउँछ । मानसिक स्वास्थ्यका लागि पनि सकारात्मक सोच हुन आवश्यक छ । यसले तनाव, चिन्ता र डिप्रेसनलाई घटाउँछ । साथै, कुनै समस्यामा आइपरेमा हार मान्नुको सट्टा समाधान खोज्ने प्रेरणा दिन्छ । आत्मबल र आत्मविश्वास बढाउने हुँदा आफैंप्रति विश्वास जन्माउँछ, जसले लक्ष्य प्राप्तिमा मद्दत पुर्‍याउँछ । यसले सकारात्मक दृष्टिकोण राख्न मद्दत गर्ने हुँदा सामाजिक सम्बन्ध सुदृढ हुन्छ । सकारात्मक व्यक्ति जहिले पनि नयाँ अवसरको खोजीमा रहन्छ र नवप्रवर्तनप्रति आफूलाई केन्द्रित राख्दछ ।

युवामा सकारात्मक सोचको विकास जागृत गराउन प्रशिक्षणको आवश्यकता छ । यसका लागि पहिलो कुरा हाम्रो शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ । विद्यालय र कलेजले पाठ्यक्रममा जीवन सीप, सकारात्मक मनोविज्ञान, र भावनात्मक बुद्धिमत्ताजस्ता विषय समावेश गर्नुपर्छ । समय-समयमा युवालाई नियमितरूपमा प्रेरणादायी व्यक्तित्वबाट सेमिनार, व्यापार वार्ता, सफलताको कथाजस्ता कार्यक्रम आयोजना गरी आशाको सञ्चार राइराख्नुपर्छ । अनुभवी व्यक्तिबाट व्यक्तिगत मार्गदर्शन दिने मेन्टरसिप कार्यक्रम सञ्चालन गर्न सकिन्छ । युवाहरूले गलत बाटोमा लाग्ने वा आफ्नो जीवनप्रति नैराश्य भाव राख्नुमा परिवार र समाजको कारण पनि रहेको हुन्छ । त्यसैले परिवारमा खुलेर बोल्ने वातावरण, सन्तुलित संवाद, हौसला दिने संस्कारको विकासमा परिवार र समाजको पनि उत्तिकै भूमिका रहेको हुन्छ । आवश्यक छ । समाजले युवालाई सुन्न, बुझ्न र मार्गदर्शन गराउन सक्छ । त्यस्तै सामाजिक सञ्जालमा सकारात्मक विचार, प्रेरणादायी भिडियो, लेख, र पोस्टहरूको प्रवर्द्धन गरिएमा त्यसले सकारात्मक नतिजा ल्याउँछ ।

नेपालजस्तो मुलुक जहाँ जनसंख्याको ठूलो हिस्सा युवामा आधारित छ, त्यहाँ सकारात्मक सोचले देशको दिशा नै बदल्न सक्छ । युवा सोच नै परिवर्तनशील छ, यसलाई सही दिशामा हिँडाउने हो भने त्यो समाज रूपान्तरणको मूल इञ्जिन बन्न सक्छ । नेपालमा विगतका राजनीतिक, आर्थिक र सामाजिक उतारचढावले धेरै युवा निराश छन् । उनीहरू विदेशी भूमिमा श्रम बेच्न विवश छन् । यदि तिनै युवालाई सकारात्मक सोच, उद्यमशीलता, आत्मनिर्भरता र सम्भावनाको आँखा देखाइयो भने नेपाल आफैं अवसरको भण्डार बन्न सक्छ ।

आजको अस्वस्थ शैक्षिक र व्यावसायिक प्रतिस्पर्धाले अधिकांश युवामा निराशा फैलाएको छ । अभिभावक र समाजको दबाबले पनि उनीहरूको मनोबल घटाएको पाइन्छ । बढ्दो सामाजिक सञ्जालको प्रयोगले अरूसँग तुलना गर्ने प्रवृत्तिले गर्दा आत्महीनताको भावना पैदा गरेको छ । विद्यालय, परिवार र समाजमा प्रेरणात्मक मार्गदर्शन तथा सकारात्मक सोच सिकाउने वातावरणको अभाव छ । यो समस्या समाधानका लागि सर्वप्रथम परिवार, विद्यालय र समुदायबाट नै सकारात्मक सोचको अभ्यास सुरु गर्नु आवश्यक छ । हाम्रो शिक्षा प्रणालीमा जीवन मूल्यको महत्त्वसमबन्धी पाठ्यसामग्री समावेश गर्नुपर्ने आवश्यकता छ । युवालाई लक्षित गरी प्रेरणादायी कार्यक्रम, तालिम र सेमिनार सञ्चालन गर्न सकिन्छ । सफल व्यक्तिका संघर्ष कथा पनि युवालाई प्रेरणा दिने माध्यम बन्न सक्ने हुँदा त्यस्ता प्रेरक व्यक्तिसँग सत्सँग गराउने वा उनीहरूका बारेमा लेखिएका सामग्री पढ्ने अवसर प्रदान गर्न सकिन्छ ।

युवा शक्ति भनेको राष्ट्र निर्माणको मेरुदण्ड हो । ती युवा जसले साहस, लगनशीलता र दृष्टिकोण बोकेर अघि बढ्छन्, उनीहरूले देशको भविष्य बोकेर हिँडिरहेका हुन्छन् । उनीहरूको कर्म, संघर्ष र नवीन सोचले देशलाई समृद्धिको यात्रामा डोर्‍याउँछ । तर, केवल युवाको जोशले मात्र देश बोक्न सम्भव छैन, सरकारले नीति, अवसर र संरचना निर्माण गरेर ढोका खोलिदिनुपर्छ । सरकारको सहकार्यले युवाको ऊर्जा दिशा पाउँछ, अवसरमा बदलिन्छ र देश समृद्धिको पथमा अगाडि बढ्छ । हुन त युवा आफैंले पनि अवसर सिर्जना गर्न सक्दछन्, तर सहकार्यविना परिवर्तन दिगो हुँदैन । जब युवा र सरकार एउटै लक्ष्यमा सहमत हुन्छन्, तब देश बदलिन्छ, सपना साकार हुन्छ, र इतिहास बन्नसक्छ ।

युवाहरू केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ । आजका युवा वर्तमानका कर्ता हुन् । उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो । समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ । यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ । शिक्षाले ज्ञान दिन्छ, तर सकारात्मक सोचले जीवन बदल्छ । त्यो जीवन परिवर्तन नै समाज रूपान्तरणको प्रारम्भ हो । आजको यथार्थमा, जहाँ धेरै युवा विदेसिन चाहन्छन्, त्यहाँ यस्तो सन्देशले नयाँ आशा जगाउँछ, 'युवाले देश बोक्न तयार छन्, सर्त केवल यति हो, सरकारले ढोका खोलिदियोस् ।' **रासस**

***(लेखक सुटमालाका कार्यकारी निर्देशक हुन्)***

# नागपञ्चमी एक, आख्यान महिमा अनेक



■ पदम श्रेष्ठ

उपत्यकाका विभिन्न नागस्थानहरु सुन्धारा, शोभा भगवतीस्थित भाटाखुसी, नक्साल नागपोखरीलगायत पानीका मूल, इनार, कुवा, हिटीहरुमा सफाइ पूजा गरी मनाइने परम्परा रहेको छ भने मेला भर्न जाने पनि गरिन्छ । यसरी मेला नै भर्न जाने नागस्थानहरु निम्नलिखित पोखरी तलाउहरु रहेका पाइन्छन् ।

नागपञ्चमीका दिन घरको मूलढोकामा नागको चित्र टाँसेर श्रद्धाभक्तिपूर्वक पूजा गरियो । नेपाल मण्डल अर्थात् काठमाडौं उपत्यका पानीको दहका रूपमा रहेको बेला यहाँ नागवंशको राज्य रहेको र उपत्यकाको पानी चोभार ह्वासिकापबाट छेदन गरी बाहिर पठाउँदा मञ्जुश्रीले नागवंशको सम्मानार्थ टौदह र ललितपुरको धापाखेलमा सम्मानका साथ स्थान सुरक्षित गराएको आख्यान पाइन्छ । यस्तै आख्यानमध्ये भक्तपुरको सिद्धपोखरी पनि नागवंशीबारे महिमा भएको पोखरी मानिन्छ । यही आख्यानलाई आत्मसात् गर्दै उपत्यकाका विभिन्न नागस्थानहरू सुन्धारा, शोभा भगवतीस्थित भाटाखुसी, नक्साल नागपोखरीलगायत पानीका मूल, इनार, कुवा, हिटीहरूमा सफाइ पूजा गरी मनाइने परम्परा रहेको छ भने मेला भर्न जाने पनि गरिन्छ । यसरी मेला नै भर्न जाने नागस्थानहरू निम्नलिखित पोखरी तलाउहरू रहेका पाइन्छन् ।

## सिद्धपोखरी ठिमीले व्यापारी

नेपालका प्रथम मल्लवंशी राजा अरि मल्लको राज्यकालमा पानी नपरी ठूलो हाहाकार मच्चियो । एक दिन ठिमीले व्यापारी साथीका साथ बसिरहेकोबेला तान्त्रिकले सिद्धपोखरीका नागलाई अनेक हाउभाउ कटाक्ष प्रयोगगरी जिस्क्याउन थाले छन् । पोखरीभित्रको नागलाई रिसले सहिनसक्नु भएछ र चुनौती दिँदै पोखरीभित्र लड्न आग्रह गरे छन् । तान्त्रिक पनि के कम, व्यापारी साथीलाई मन्त्र गरेर एक मुठी चामल दिँदै म त्यो नागलाई मारेर फर्कन्छु, तिमीले यो चामलले मलाई हानिदिनु भन्दै पोखरीमा पसेछन् । युद्धपश्चात् पोखरीको नागलाई मारी बाहिर आउँदा त व्यापारी साथी डरले ठिमी घरतर्फ भाग्न थाले छन् । साथीले चामलले हानिदेला र म मानिस हुन पाउँला भनी तान्त्रिक नागपछि लागिरहे तर व्यापारी डराएर घरतर्फ भागे छन् । आफ्नो तन्त्र विद्याका कारण नागकै रूपमा सिद्धपोखरीमा नै बस्न थाले छन् । नागको डरले आज पनि ठिमीले सिद्धपोखरी नजाने कथन छ । नागपञ्चमीमा मेला लाग्छ ।

## धापाखेल नागदह

१६ वर्षीया यौवनावस्थामा पनि कूरूप एक किराँतिनी पतिद्वारा त्यागिएकीले कुरूप शरीर जन्तुलाई खुवाउने मनशाय राखी जंगल प्रवेश गर्छिन् । हरिबोधनी एकादशीदेखि कात्तिक पूर्णिमासम्म पनि केही खान नपाएकी किराँतिनीलाई जंगली जन्तुले पनि नखाएपछि आत्महत्या गर्ने मनशाय राखी पुनः धापाखेल नागदहमा हामफाल्छिन् । तर, संयोग, एक किराँत युवक पनि सिकार खेल्दै आइरहेको बेला युवतीलाई देखेपछि दहबाट बचाएर बाहिर ल्याउँदा त कूरूप किराँतिनी धप्प बलेकी युवतीका रूपमा प्रकट भइछन् । युवतीले नयाँ रूप पाएकाले यही नागपञ्चमीमा यस दिन यहाँ ठूलो मेला लाग्छ । अर्को आख्यानुसार धापाखेलमा एक समय स्थानीय बासिन्दाका लागि भोजभतेर गर्न अवाश्यक भाँडाकुँडा लिने र सकिएपछि फर्काउने पोखरी थियो । तर एक दिन एक ज्यापूले लगेको भाँडाकुँडा फिर्ता नै नगरिदिएपछि भनिन्छ, नागनागिनीले भाँडाकुँडा नै दिन छाडिदिएछन् ।

## चोभार टौदह र मञ्जुश्री

मञ्जुश्रीले उपत्यकाको दह ह्वासिकाप चोभार छेदन गरी पानी बाहिर पठाइसकेपछि कर्कोटक नागराज जब रिसाएर बाहिर जान लागे तब अनर्थबाट जोगाउन आह्वान गरी नागवंशलाई टौदहमा व्यवस्थापन गराएको बताइन्छ । उनै नागराजाकी रानीको आँखा दुख्दा ललितपुर निवासी ज्यापूले दहसम्म पुगी रानीको आँखा दुख्ने रोग निको बनाइदिएको आख्यान पनि उपत्यकामा यत्रतत्र हालिन्छ । त्यसबाट खुसी भएका नागराजले दिएको नवरत्न जडित भोटो उपहार ज्यापूले खेतमा काम गर्दा आलीमा फुकालेर राख्दा ख्याकले भोटो चोरेर भागेछ ।

एकपल्ट आफ्नो भोटो लगाएका ख्याक र ज्यापूबीच घमासान युद्ध हुँदा रातो मच्छिन्द्रनाथले दुवैलाई प्रमाणसहित जसले भोटो लिन आउला उसैलाई रत्नजडित भोटो दिएर पठाउने बताएछन् । यही आख्यानमा प्राप्त भोटो प्रत्येक वर्ष मच्छिन्द्रनाथको रथारोहण हुँदा जावलाखेलमा सार्वजनिक गरिन्छ । नागपञ्चमीका दिन चोभारको टौदहमा विशेष पूजा र मेला लाग्दछ ।



**नागको पूजा** | नागपञ्चमीको अवसरमा मंगलबार धनगढी उपमहानगरपालिका–२ कृष्णनगरस्थित एक स्थानीयको घरको ढोकामा नागको तस्बिर टाँस्दै पुरोहित। *तस्बिर: तिलकराज ओझा/रासस*

# पूर्वी पहाडी जिल्लामा सुरु भयो लाखेजात्रा

**संखुवासभा (प्रस)–** नागपञ्चमीका दिनदेखि नेवार समुदायको बाहुल्यता रहेको पूर्वका ओखलढुंगा, खोटाङ, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, ताप्लेजुङलगायतका जिल्लामा मंगलबारदेखि लाखेनाच सुरु भएको छ।

संखुवासभाको खाँदबारी नगरापलिका-१ मा रहेको भीमसेन मन्दिरमा पूजाआजा गरी विधिवत्रूपमा लाखेजात्रा सुरु गरिएको छ। नेवार संस्कृति र परम्पराअनुसार भीमसेन मन्दिरमा पूजाआजा र सगुन खुवाएर नागपञ्चमीबाट लाखे निकालिन्छ। नेवाःदेयदवू नगर कार्यसमिति खाँदबारीको संयोजनमा नागपञ्चमीका दिनदेखि सुरु भएको लाखेनाच कृष्ण जन्माष्टमीसम्म हरेक दिन बजार परिक्रमा गराउँदै प्रदर्शन गरिन्छ। नेवार समुदायको कुलदेवता भीमसेनको पूजासँगै ढोल, ढोलकी, भ्याम्टा, मुकुण्डो, लाखेले लगाउने कपडालगायत सामग्रीहरूको पूजा गरी खाँदबारीलगायतका बजारहरूमा लाखेनाच सुरु गरिएको नेवाः देय दवू नगर कार्यसमिति खाँदबारीका अध्यक्ष पुष्पबहादुर श्रेष्ठले बताए।



उपत्यका तीन सहर काठमाडौं, भक्तपुर र ललितपुर मुख्य थलो बनाएका नेवारी समुदाय मुलुकका विभिन्न स्थानमा बसोबास गर्दै आएका छन्। पूर्वमा हेर्दा धनकुटाबजार, भोजपुरको टक्सार बजार र संखुवासभाको चैनपुर, खाँदबारी, वाना, सिभुवाका बजारहरूमा नेवार समुदायको बसोबास छ। लाखेनाचका क्रममा स्थानीय लोकभाका, वेशभूषा र चालचलन एवं रोपाइँजात्रा, घोडेजात्रा, गाईजात्रा र अन्य जात्रा देखाउँदै समाजका विभिन्न विकृतिमाथि व्यंग्य गर्ने अनि सर्वसाधारणलाई मनोरञ्जन दिने गरिन्छ।

भीमसेन मन्दिरबाट विधिवत्रूपमा सुरु भएको लाखेले खाँदबारी बजार परिक्रम गरेको छ। द्वापर युगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको झल्को दिनेगरी विभिन्न गतिविधि गर्दै जिल्लामा नेवार समुदाय भएका बजार क्षेत्रमा लाखेनाच निकाल्ने चलन छ।

# पाटेबाघका लागि प्रख्यात शुक्लाफाँटा निकुञ्ज

**दोधारा चाँदनी (कञ्चनपुर)-** शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पाटेबाघका लागि प्रख्यात गन्तव्यका रूपमा रहेको छ। निकुञ्जमा पाटेबाघका लागि कम क्षेत्रफल भए पनि ४४ वटा बाघ छन्। विश्वको दुर्लभ मानिने बाह्रसिंगाको झुण्ड देख्न पाइने शुक्लाफाँटा पाटेबाघका लागि पनि प्रख्यात मानिएको छ।

कूल ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यो निकुञ्जमा पर्याप्त आहारा, बासस्थानको उचित व्यवस्थापनले बाघको संख्या बढ्दै गएको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए। उनका अनुसार निकुञ्जमा सन् २०१३ मा १७ वटा बाघ रहेकामा सन् २०१८ मा १६, सन् २०२१ मा १९ र सन् २०२२ मा उक्त संख्या बढेर ३६ पुगेको हो।

निकुञ्ज कार्यालयको पछिल्लो गणनाअनुसार यहाँ बाघको संख्या ४४ पुगेको छ। निकुञ्जमा क्यामरा ट्र्यापिङ विधिबाट गरिएको गणनाअनुसार २४ भाले र १७ वटा पोथी तथा विश्लेषणका आधारमा थप तीन गरेर बाघको संख्या ४४ पुगेको सूचना अधिकारी वाग्लेले बताए। निकुञ्जका अनुसार थोरै क्षेत्रफल रहेको शुक्लाफाँटामा बाघको संख्या धेरै हो।

'यहाँ बाघका लागि आहारा र बासस्थानको उचित वातावरण भएकाले थोरै क्षेत्रफलमा पनि धेरै बाघ छन्,' वाग्लेले भने, 'निकुञ्जमा कोर एरिया व्यवस्थापन प्रभावकारी छ, यहाँ १०० बढी पानीका ताल छन् त्यसकारण बाघको आहारा बढेकाले संख्यामा वृद्धि भएको हो।'

उनले शुक्लाफाँटाभित्र रहेका ठूलो घाँसेमैदान, चौधर नदी, रानीताल र सिकारी तालजस्ता तालतलैया र निकुञ्जभित्र प्रशस्त आहाराका लागि प्रजाति बढेसँगै बाघको संख्या पनि बढेको बताए। उनका अनुसार निकुञ्जमा बाघको प्रमुख आहाराका रूपमा बाह्रसिंगा, रतुवा, चित्तल र बँदेल छन्।

'निकुञ्जभित्र जैविक विविधताले भरिपूर्ण प्राकृतिक ताल र कृत्रिम तालहरू पनि छन्,' सूचना अधिकारी वाग्लेले भने, 'यसले वन्यजन्तुलाई प्यास मेटाउन पानीको अभाव छैन।' निकुञ्ज क्षेत्रमा चौधर, स्याली र महाकाली नदी छन्। चौधर नदी यहाँका वन्यजन्तुका लागि प्यास मेटाउने प्रमुख पानीको स्रोत रहेको निकुञ्जले जनाएको छ।

वाग्लेले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज दुर्लभ वन्यजन्तु र वनस्पतिका लागि प्रख्यात भए पनि यसको प्रचारप्रसारको कमी, पूर्वाधार नहुनुलगायत समस्याले यहाँ उलेख्य पर्यटक आउन नसकेको बताए।

'जैविक विविधताले भरिपूर्ण शुक्लाफाँटा पर्यटकका लागि आकर्षक गन्तव्य हो। थोरै क्षेत्रफलमा यहाँ धेरै वन्यजन्तुको अवलोकन गर्न सकिन्छ,' उनले भने, 'यहाँ आउने हवाई भाडा महँगो, पूर्वाधार विकास नहुनु र निजी क्षेत्रबाट लगानी नभएका कारण पनि पर्यटकको संख्यामा कमी आएको हो।' उनले शुक्लाफाँटा पर्यटनको ठूलो सम्भावना बोकेको गन्तव्य भएको बताए।

'यहाँ भारतीय पर्यटकको ठूलो सम्भावना छ तर नाकामा असहजताका कारण सम्भावना भएअनुसार पर्यटक आउन सकेका छैनन्,' सूचना अधिकारी वाग्लेले भने, 'यस क्षेत्रको प्रचारप्रसारका साथै निजी क्षेत्रको लगानी हुन जरुरी छ।' उनले विदेशी पर्यटक प्रकृतिसँग रमाउन यहाँ आउने गरे पनि सोअनुसारको 'टुर प्याकेज'को व्यवस्था हुन नसक्दा पर्यटकको कमी हुने गरेको धारणा राखे।

'विदेशी पर्यटकलाई हवाई भाडामा पनि झण्डै दोब्बर छ। सबै देशका नागरिकलाई समान भाडादर हुनुपर्नेमा त्यसो हुन सकेको छैन, त्यसकारण पनि पर्यटक काठमाडौं, पोखरा र चितवनसम्म पुगेर फर्किने गरेका छन्,' वाग्लेले भने, 'पर्यटक लक्षित विभिन्न टुर प्याकेज बनाउनुका साथै निजी क्षेत्रको लगानी बढाउन जरुरी छ।'

सूचना अधिकारी वाग्लेका अनुसार निकुञ्जमा दुई हजार ३२३ भन्दा बढी बाह्रसिंगा छन् भने ४४ वटा पाठेबाघ छन्। विश्वकै सबैभन्दा ठूलो घाँसेमैदानका रूपमा निकुञ्जको विशेषता रहेको उनको भनाइ छ। *रासस*



## चितवन निकुञ्जमा बाघ पाल्न बजेट अभाव

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रबाट नियन्त्रणमा लिइएका बाघ पाल्न मुस्किल हुने गरेको बताइएको छ। बजेट अभावमा बाघ पाल्न कठिन हुने गरेको हो। चितवन राष्ट्रिय निकुञ्जको खोरमा सात बाघ रहेका छन्। निकुञ्जको मुख्य कार्यालय कसरामा तीन, सौराहामा दुई र देवनगरमा दुई बाघ छन्। मानव बस्तीमा पसेर हिंस्रक गतिविधि गरे वा बिरामी भएमा बाघलाई नियन्त्रणमा लिएर खोरमा राख्ने गरिन्छ। दैनिक मासु खुवाउनुपर्छ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार वार्षिक रूपमा ती बाघ पाल्न ३० लाख रूपैयाँ हाराहारी बजेट चाहिन्छ। एउटा बाघलाई दैनिक पाँच किलोदेखि सात किलो राँगाको मासु खुवाउनुपर्ने हुन्छ। सरकारले नियन्त्रणमा लिइएका बाघ पाल्न वार्षिक पाँच लाख रूपैयाँ हाराहारीमात्रै बजेट छुटयाउने गरिएको उनले बताए।

सूचना अधिकारी थापामगरले भने, 'गत आर्थिक वर्षमा बाघका लागि २२ लाख रूपैयाँ हाराहारी मासुको भुक्तानी गर्न बाँकी छ। एक महिनामा सात बाघलाई दैनिक पाँच किलोका दरले राँगाको मासु खुवाउँदा मासिक दुई लाख रूपैयाँभन्दा बढी खर्च हुन्छ।' बाघलाई दैनिक मासु खुवाइरहेको भए पनि रकम भुक्तानी गर्न नसकिएको उनले जानकारी दिए। 'खोरमा थप बाघ राख्ने ठाउँ छैन,' सूचना अधिकारी थापामगरले भने। राख्ने ठाउँ नभएपछि गत वर्ष एउटा बाघ पर्सा पठाइएको थियो। बर्सेनि बाघको आहाराका लागि बजेट घट्दै जाने र नियन्त्रणमा लिनुपर्ने बाघ थपिँदै जाने हुँदा समस्या भएको उनले बताए।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयष्क बाघ १२८ रहेका छन्। आहारा प्रजातिको संख्या बढ्दै जाँदा बाघको संख्या पनि बढ्दै गएको छ। यो निकुञ्ज बाघका लागि राम्रो बासस्थान हो। यहाँ आउने पर्यटकलाई सहजै देखाउन देवनगरको खोरमा बाघ राखिएका छन्। त्यहाँ सहजरूपमा बाघ हेर्न पाइन्छ।

# जुम्लाका किसानलाई काँचो स्याउ टिप्न प्रतिबन्ध

**जुम्ला (प्रस)–** जुम्लाका किसानलाई काँचो स्याउ टिप्न प्रतिबन्ध लगाइएको छ। कृषि विकास कार्यालयले सार्वजनिक सूचनामार्फत भदौ १५ पछिमात्र स्याउ टिप्न आग्रह गरेको हो।

कोही कसैले सूचना विपरीत काँचो स्याउ टिपेको पाएमा वा बजारमा खरिद गर्ने व्यापारी र किसान दुवैलाई कानुनी कारबाही गरिने कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए।

काँचो स्याउ टिप्दा स्वाद, गुणस्तर र पौष्टिकता सबैमा असर पर्न जान्छ। यसको दीर्घकालीन 'ब्राण्ड' र बजार मूल्यमासमेत नकारात्मक प्रभाव पर्न सक्ने भएकाले जिल्लाका आठवटै स्थानीय तहका कृषि शाखा र यहाँका स्थानीयवासीलाई सार्वजनिक सूचनामार्फत जानकारी गरिएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ।

कृषि विज्ञका अनुसार भदौ दोस्रो सातापछि मात्रै स्याउ टिप्नु उपयुक्त मानिन्छ। नपाकेको स्याउ टिप्दा बजारीकरणमा चुनौती हुने गरेको छ। परिपक्व र स्याउको रङ ७० प्रतिशतभन्दा माथि भइसकेपछि मात्रै बिक्री गर्न किसानलाई निर्देशन गरिएको प्रमुख अधिकारीले बताए।

जिल्लामा करिब १८ हजार घरपरिवारमध्ये १६ हजार घरपरिवारले स्याउखेती गरेको तथ्यांक छ। पछिल्लो समय स्याउ खेतीको क्षेत्रसमेत विस्तार हुँदै गएको छ। जिल्लामा चार हजारभन्दा बढी हेक्टर जमिनमा स्याउखेती भइरहेको कृषि विकास कार्यालयले जनाएको छ।

त्यसैगरी तातोपानी गाउँपालिकाले पनि स्याउ बगैँचा धनी र स्याउ व्यापारीलाई आगामी भदौ १५ गतेपछि मात्र स्याउ संकलन तथा निकासी गर्न आग्रह गरेको छ। गाउँपालिकाले भदौ १५ गतेभन्दा अघि स्याउ नटिप्न र निर्यात नगर्न अनुरोध गरिएको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए।


**मलेसियामा रोजगार** कम्पनी : SMART FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/13 | LT. No. 322888 | चलानी नं. ६०२३६९४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 128 | 0 | 1700 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं.१५९४/०७९/८०

Global Dynamic Manpower Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal. , E-mail: globaldynamics1594@gmail.com, Mob: 9806931497, 9744234691

**कुवेतमा रोजगार** कम्पनी : CHINA GEZHOUBA FOR GENERAL CONSTRUCTIONS OFRESIDENTIAL BUILDINGS Co.

पूर्व स्वीकृति मिति : २०८२/04/११ | LT. No. 327437 | चलानी नं. ६०२४१८४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 150 | 0 | 95 | ४३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 1505/074/75

D.SQUARED GROUP PVT. LTD.(NAVA JYOTI H.R. SOLUTION)
Sinamangal-09, Kathmandu, Nepal, Tel: +977 985-1110238
E-mail : dsquaredgroup23@gmail.com, Web: www.dsquaredhrsolution.com

**साउदी/युएइमा रोजगारको अवसर** कम्पनी : NAHYAH HUDAIB ALOTAIBI COMPANY | सेवा शुल्क रु. १0,000/-

पूर्व स्वीकृति मिति : २०८२/04/१३ | LT. No. 327960 | चलानी नं. ६०२४१८३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 12 | 0 | 1000 | ३६,९६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAIT AL YAQOOT BUILDING MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१२ | LT. No. 327118 | चलानी नं. ६०२४१८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | tile layer | 5 | 0 | 1200 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | steal fixer | 5 | 0 | 1200 | ४५,३०० | | | | | | | |
| 3 | plaster | 5 | 0 | 1200 | ४५,३०० | | | | | | | |
| 4 | scaffolder | 20 | 0 | 1200 | ४५,३०० | | | | | | | |
| 5 | carpenter | 10 | 0 | 1200 | ४५,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क रु. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५


## पकहाँमैनपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पकहाँमैनपुर, पर्सा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूचिमा सुचिकृत हुने सम्बन्धी सूचना

*(प्रकाशित मिति २०८२/०४/१४)*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धीत कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायको छुट्टाछुट्टै सूचि तयार गर्नु पर्ने व्यवस्था भए वमोजिम यस गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को योजना/कार्यक्रमअन्तर्गत निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नुपर्ने भएको हुँदा खरिद प्रकृयामा सहभागी हुनका लागि मौजुदा सूचिमा सूचिकृत हुन चाह्ने ईच्छुक आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदाय योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरूलाई सूचिकृत हुन चाहेको समूह समेत स्पष्ट रूपमा खुलाई यस कार्यालयमा निम्न अनुसार एक/एकप्रत्ति कागजपत्रका प्रतिलिपिहरू सहित आवेदन पेश गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि सूचित गरिएको छ।

**तपसिल**

(क) आफ्नो फर्म दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको ईजाजत पत्र,
(ख) मू.अ.करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,
(ग) आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,
(घ) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

बुधबार, १४ साउन, २०८२ (Wednesday, 30 July 2025)


## सकियो 'शिवांश'को छायांकन



अभिनेता तेज गिरी र अभिनेत्री विमला लिम्बूको मुख्य भूमिका रहेको फिल्म 'शिवांशः च्यापटर १'को छायांकन सकिएको छ । ३६ औँ दिनमा पोखराको पामेमा गीत 'उकुस मुकुस'को छायांकनसँगै फिल्म सकिएको हो । गीतको कोरियोग्राफी विक्रम चौहानले गरेका थिए । अन्जान सिनेमा प्रोडक्सन हाउसको ब्यानरबाट निर्माण भएको फिल्मका निर्माता अन्जन केसी हुन्, भने कथा पनि उनैले लेखेका हुन् । फिल्मको सह निर्माता शोभा केसी र अनिशा केसी बोगटी रहेकी छन् । फिल्म सन्तोष आत्रेयले निर्देशन गरेका हुन् ।

# जापानको टोकियोमा 'तीज फेस्टिभल'को तयारी




**काठमाडौं (प्रस)–** लोक गायक पशुपति शर्मा र गायिका सुनिता दुलालले जापानको टोकियोमा प्रस्तुति दिने भएका छन् ।

महिलाहरूको महान् पर्व हरितालिका तीजको अवसर पारेर आगामी अगस्ट २३ (शनिबार) र २४ (आइतबार) तारिखमा टोकियोको प्रसिद्ध शिबा पार्क (टोकियो टावर नजिकै)मा आयोजना हुने दुई दिने 'तीज फेस्टिभल-२०२५'मा उनीहरूले साङ्गीतिक प्रस्तुति दिन लागेका हुन् ।

सन् २०१९ मा पहिलोपटक 'तीज फेस्टिभल' आयोजना गरिएको थियो । अहिले लामो समयपछि फेरि 'तीज फेस्टिभल-२०२५' आयोजना हुन लागेको हो ।

जापानवासी नेपालीहरूको अपार माया र सहभागिताले यस वर्ष थप भव्यताका साथ फेस्टिभल आयोजना गर्न लागिएको आयोजक डेस्टिनी क्रिएसनका संस्थापक असिम बस्नेतले जानकारी दिए ।

फेस्टिभलमा नेपाल पशुपति र सुनिताको अलवा जापानमै रहँदै आएका कलाकार सूर्य खड्का, रितु थापा मगर लगायत पनि गुन्जनेछन् । फेस्टिभलमा सांस्कृतिक प्रस्तुतिसहित नेपाली खानाका विभिन्न परिकार, नेपाली कला-संस्कृतिको प्रदर्शन, मनोरञ्जनात्मक गतिविधिहरू तथा भेटघाटका लागि विशेष अवसर हुने डेस्टिनी क्रिएसनले जनाएको छ । फेस्टिभलमा नेपाली समुदाय तथा स्थानीय जापानीहरूको समेत सहभागिता हुने अपेक्षा आयोजकको छ ।

# 'कोशेढुंगा'को गीत 'नत्र भने जिन्दगी व्यर्थ छ'ले जित्यो दर्शकको मन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'कोशेढुङ्गा'को गीत सार्वजनिक भएलगत्तै लोकप्रिय भएको छ । डान्सिङ नम्बर 'नत्र भने जिन्दगी व्यर्थ छ' लोकप्रिय भएको हो ।

तीजको यो गीतमा ठूलो संख्यामा टिकटक भिडियो बनेका छन् निर्देशक सरोज पौडेलका अनुसार २० हजारभन्दा धेरै टिकटक भिडियो बनिसकेका छन् । युट्युबमा १० लाखभन्दा धेरै दर्शकले हेरिसकेको गीत फेसुकमा ७० लाखभन्दा धेरैले हेरेको उनले बताए ।

'नेपाली संस्कृति पनि जोगाउँदै सभ्य र भव्य गीत हामीले दर्शकमाझ पस्किएका थियौं,' उनले भने, 'हाम्रो अपेक्षाअनुसार नै दर्शकले मन पराइदिनु भएको छ । दैनिक हजारौंले भिडियो बनाइरहनु भएको छ ।'

गीतमा नेत्र अर्यालको शब्द छ भने हुकलाइन खेम सेन्चुरीको छ । संगीत खेम सेन्चुरीले नै गरेका छन् । गीतमा स्वर खेम सेन्चुरीसँगै समीक्षा अधिकारी र दिपिका बयम्बु मगरको छ ।

गीत तीजको सेटअपमा छ । सिनेमाभित्र रहेको यो गीतले विवाहित र अविवाहितबीचको अन्तरबारे प्रष्ट पारेको छ । विवाहित हुँदाको राम्रो पक्ष र अविवाहितहरूले जीवनसाथी हुँदाको परिकल्पना र हुने उत्सुकता गीतमा समेटिएको छ । गीतको भिडियोमा चलचित्रका मुख्य कलाकारहरू सुरक्षा पन्त र नीति शाहले अविवाहितको पक्षबाट आफ्नो परिकल्पना र उत्सुकता राखेका छन् । विवाहित हुँदाको प्रेम ऋचा शर्माले व्यक्त गरेकी छन् ।



निर्माणपक्षले यो गीतमा टिकटक प्रितस्पर्धा समेत घोषणा गरेको छ । प्रतिस्पर्धा अगस्ट २० सम्म सहभागीले भागलिन पाउनेछन् । टिमका अनुसार सहभागीले भाग लिदाँ ह्यास्ट्याग नत्र भने जिन्दगी व्यर्थ छ मेन्सन गर्नु पर्नेछ । यसमा बेस्ट पफमेन्सले ३० हजार, मोस्ट क्रियटिभ भिडियोले २० हजार र मोस्ट लाइक भिडियोले १० हजार पाउनेछन् ।

सरोज पौडेलले निर्देशन गरेको चलचित्र 'कोशेढुङ्गा' भदौ १२ गते रिलिज हुँदै छ ।

'पूर्ण बहादुरको सारंगी'का निर्देशक पौडेलले निर्देशन गरेको भएकाले 'कोशेढुंगा' चलचित्र प्रतिक्षित सिनेमा बनेको छ ।

नरदेवी फिल्मसको प्रस्तुति र सारंगी फिल्मस्को सहकार्य रहेको चलचित्र 'कोशेढुंगा'मा अभिनेत्री सुरक्षा पन्त, आर्यन सिक्देल, ऋचा शर्मा, मन्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, विशाल पहाडी, हिउवाला गौतम, दिनेश काफ्ले, लोकमणि सापकोटालगायतको अभिनय रहेको छ । 'कोशेढुंगा'को निर्मातामा प्रेविल कँडेल र किशोर अनुराग छन् । चलचित्रको कार्यकारी निर्माता दिनेश खड्का हुन् ।

बाबु श्रेष्ठले छायांकन गरिरहेको यो चलचित्रमा नहकुल खड्काको सम्पादन, आशिष अविरल र रिदम कँडेलको संगीत छ । यस चलचित्रको कास्टिङ डिरेक्टर सुवलमणि सापकोटा हुन् । नेपालसहित ४२ भन्दा धेरै देशमा एकसाथ रिलिज हुने भएको छ ।

'कोशेढुंगा'लाई प्याट्रिक सुवेदी र रमेश ढकालको सेभेन सिज इन्टरनेसनलले अन्तर ाष्ट्रिय बजारमा वितरण गर्दैछ । यो चलचित्र डायस्पोरामा नेपाली सिनेमाकै इतिहासमा पहिलो पटक एकसाथ ४२ देशमा प्रदर्शनमा आउने जनाएको छ ।

पहिलो पटक यति धेरै देशमा एकसाथ चलचित्र प्रदर्शन हुँदा 'कोशेढुंगा'ले नेपाली सिनेमालाई अन्तर्राष्ट्रिय स्तरमा नयाँ उचाइ दिने अपेक्षा निर्माण टिमको छ ।



# सिस्नेरीमा ज्यान गुमाएका बालकको स्मृतिमा विद्यालयस्तरिय फुटबल हुने




■ प्रभाव संवाददाता

**काठमाडौं –** अखिल नेपाल फुटबल संघ(एन्फा) ले स्वर्गीय खेलाडी अनुपम घलान, आदित्य बलम्पाखी, विकल रेग्मी, दिवस बानियाँ, प्रियान्स आर्चाय र साइमन योञ्जनको स्मृतिमा एन्फा यु-१४ छात्रा/छात्र अन्तरविद्यालय फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

उनीहरूले गत वर्षको असोज ११ र १२ गते देशभर भएको अविरल वर्षाका कारण एन्फाले मकवानपुरस्थित सिस्नेरीमा सञ्चालन गरेको एकेडमीबाट सुरक्षित स्थानमा सर्नेक्रममा पहिरोमा परि ज्यान गुमाएका थिए ।

एन्फाले आफ्ना जिल्ला र प्रदेश संघलाई प्रतियोगिता गर्नका लागि पत्र काटेको छ । एन्फाका अनुसार जिल्लास्तरिय प्रतियोगिता आगामी भदौ १ गते देखि सोज २१ तथा प्रदेशस्तरिय कार्तिक १७ गते देखि मंसिर १ गते सम्म हुनेछ ।

यस्तै केन्द्रियस्तरिय एन्फा यु-१४ छात्रा/छात्र अन्तरविद्यालय फुटबल प्रतियोगिता आगामी मंसिर १५ पुस २ गतेसम्म, काठमाडौंमा हुने एन्फाले जनाएको छ ।

# अस्ट्रेलियाद्वारा वेस्ट इन्डिजसँगको टी–२० आई शृंखला 'क्लिन-स्वीप'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियाले वेस्ट इन्डिजसँगको पाँच खेलको टी-२०आई शृंखला क्लिन स्वीप गरेको छ । मंगलबार बिहान भएको पाचौं टी-२०आईमा ३ विकेटको जित निकाल्दै अस्ट्रेलियाले पहिलोपटक टी-२०आई शृंखला ५-० ले जितेको हो ।

वेस्ट इन्डिजले दिएको १७१ रनको लक्ष्य अस्ट्रेलियाले १७ ओभरमा ७ विकेटको क्षतिमा भेट्टायो । अस्ट्रेलियाका लागि मिचेल ओवेनले १७ बलमा ३७ रन बनाए । त्यस्तै क्याम्रन ग्रीनले १८ बलमा ३२ तथा टिम डेभिडले १२ बलमा ३० रन बनाए ।

वेस्ट इन्डिजका लागि अकिल होसेनले ४ ओभरमा १७ रन दिएर ३ विकेट लिए भने अल्जारी जोसेफ र जेसन होल्डरले २-२ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिजले १९.४ ओभरमा अलआउट हुँदै १७० रन बनाएको थियो । वेस्ट इन्डिजका लागि शिम्रोन हेटमायरले ३१ बलमा ३ चौका र ३ छक्कासहित ५२ रन बनाए । शेरफन रदरफोर्डले ३५ रन बनाए ।




अस्ट्रेलियाका बेन डारशुइसले ३ विकेट लिँदा नेथन एलिसले २ तथा एडम जाम्पा, शन एबट, आरोन हार्डी र ग्लेन म्याक्सवेलले समान १ विकेट लिए ।

अस्ट्रेलियाले पहिलो खेलमा ३ विकेट, दोस्रो खेलमा ८ विकेट, तेस्रो खेलमा ६ विकेट तथा चौथो खेलमा ३ विकेटको जित निकालेको थियो ।

त्यसअघि भएको ३ खेलको टेस्ट शृंखलामा पनि अस्ट्रेलिया अपराजित रहेको थियो ।

# रिएले कपको आठौं संस्करण साउन २४ देखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'आठौं रिएले कप' रिएले समर लिग साउन २४ गते (अगस्ट २) बाट सुरु हुने भएको हो । एफसी रिएलेको आयोजना हुने प्रतियोगिताका सम्पूर्ण खेलहरू मध्यपुर ठिमी, बोडेस्थित रिएले खेल मैदानमा । यस संस्करणमा तीन उमेर समूह समावेश गरिएको आयोजकले जनाएको छ । जसमा यु-१०, यु-१२ र यु-१४ मा प्रतिस्पर्धा हुनेछ ।

लिगमा काठमाडौं उपत्यका तथा वरपरका ब्वाइज र गर्ल्स दुवैले सहभागिता जनाउन पाउने छन् । इच्छुक खेलाडीले आफ्नो उमेर समूहमा दर्ता भई टिम ड्राफ्ट प्रक्रियाबाट सहभागिता जनाउन सक्ने आयोजकले जानकारी दियो ।

यसको लागि दर्ता प्रक्रिया सुरु भइसकेको छ । एफसी रिएले जापानको गैर-नाफामूलक संस्था रियल वर्ल्डअन्तर्गत सञ्चालित परियोजनामध्ये एक हो । क्लबले नेपालमा बालबालिकाको मानसिक तथा शारीरिक विकासलाई फुटबलमार्फत सशक्त बनाउने लक्ष्य लिएको छ ।

यस क्लबको पुरुष टिमले शहीद स्मारक 'सी' डिभिजन लिग छनोटमा सहभागिता जनाउँदै आएको छ ।

यसले युथ डेभलपमेन्ट लिगअन्तर्गत हरेक वर्ष दुई पटक समर र विन्टर गरि लिग सञ्चालन गर्दै आएको छ ।

समर लिगमा व्यक्तिगत रूपमा दर्ता भएका बालबालिकालाई क्लबले अन्तरिक ड्राफ्टमार्फत टिम बनाइ लिग सञ्चालन गर्छ । विन्टर लिगमा भने विभिन्न फुटबल एकेडेमी, विद्यालय तथा टिमहरूबीच प्रतिस्पर्धा गराइन्छ ।

यस परियोजनाले नेपालमा उपेक्षित बाल तथा ग्रासरुट फुटबल क्षेत्रको विकासमा योगदान दिँदै आएको छ ।

नेपाल राष्ट्रिय पुरुष फुटबल टिमका कप्तान किरण चेम्जोङ, 'ए' डिभिजन लिगका सर्वाधिक गोलकर्ता सन्तोष साहुखलजस्ता राष्ट्रिय खेलाडीले यस लिगलाई सहयोग गर्दै आएका छन् ।

# पोखरा निन्जाजको ब्राण्ड एम्बासडरमा सनिशा

**काठमाडौं (प्रस)–** एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) को दोस्रो संस्करणका लागि पोखरा निन्जाजले मोडल तथा नायिका सनिशा भट्टराईलाई ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ ।

पोखराले मंगलबार प्रेस विज्ञप्तिमार्फत सनिशालाई ब्रान्ड एम्बासडर बनाइएको जानकारी दियो । सनिशाले पोखराको ब्रान्ड एम्बासाडरका रूपमा इडब्लुभिएलसँग जोडिन पाउँदा खुसी र गर्व महसुस भएको बताएकी छन् ।

गत संस्करणमा चौथो भएको



गण्डकी थन्डर्सबाट पोखरा निन्जाज बनेको टोलीले प्रगति नाथलाई मार्की बनाएको छ । प्रगति पहिलो पटक मार्कीको भूमिकामा देखिन लागेकी हुन् ।

प्रशिक्षकमा रूपेशकुमार विष्टलाई नै निरन्तरता दिएको पोखराले अक्सनबाट पुनम चन्द, मीना सुनार, सुनिता खत्री, गरिमा बोहरा, अञ्जिला प्रधान, निशा महर र भावना तामाङलाई भित्र्याएको छ । इन्फिनिटी ड्रिम्सको आयोजनामा इडब्लुभिएलको दोस्रो संस्करण भदौ २० देखि २८ गतेसम्म हुँदैछ ।



मोरक्कोको एसाउइरामा रहेको अर्गन तेल उत्पादन गर्ने सहकारीमा अर्गन नट फुटाउँदै महिलाहरू । *तस्बिरः एपी*

# कम्बोडियाले युद्धविराम भंग गरेको थाई सेनाको आरोप

**सुरिन (थाइल्याण्ड)–** थाइल्याण्डको सेनाले मंगलबार कम्बोडियामाथि घण्टौं लामो युद्धविराम उल्लंघन गरेको आरोप लगाउँदै उनीहरूको जंगलले ढाकिएको सीमामा रक्तपातपूर्ण लडाइँ अन्त्य गर्ने सम्झौताका बाबजुद झडप जारी रहेको बताएको छ ।

सोमबार मलेसियामा भएको शान्ति वार्तापछि दुवै पक्षले ८०० किलोमिटर (५०० माइल) लामो सिमानामा रहेका विवादित क्षेत्रका प्राचीन मन्दिरहरूको विषयमा भएको लडाइँ अन्त्य गर्न मध्यरातबाट विनासर्त युद्धविराम सुरु गर्ने सहमति गरेका थिए । 'सम्झौता लागू हुँदा थाई पक्षले कम्बोडियाली सेनामाथि थाई क्षेत्रभित्रका धेरै क्षेत्रमा सशस्त्र आक्रमण गरेको पत्ता लगाएको थियो,' थाई सेनाका प्रवक्ता विन्थाई सुवेरीले एक विज्ञप्तिमा भने, 'यो सम्झौताको जानाजानी उल्लंघन र आपसी विश्वासलाई कमजोर पार्ने स्पष्ट प्रयास हो, थाइल्याण्ड आत्मरक्षाको आफ्नो वैध अधिकार प्रयोग गर्दै उचित प्रतिक्रिया दिन बाध्य छ ।'

कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेटाले कुनै पनि क्षेत्रमा एकअर्काविरुद्ध कुनै सशस्त्र झडप नभएको दाबी गरे । यद्यपि, दुवै पक्षले युद्धविराम सम्झौताको भागका रूपमा सीमामा विपक्षी क्षेत्रीय कमाण्डरहरूबीच बिहान तोकिएका बैठकहरू सुरु भएका वा सुरु हुन बाँकी रहेको बताए । 'मैले दुई नेताले हात मिलाउँदै गरेको तस्बिर देखेँ,' सीमाबाट ५० किलोमिटर टाढा रहेको थाई सहर सुरिनका ३२ वर्षीय फार्मेसी कामदार किटिसाक सुकविलाईले भने, 'म केवल आशा गर्छु कि यो नक्कली मुस्कानसहितको फोटो खिचाउनेमात्र नहोस् र ती हातहरूले वास्तवमा एकअर्कालाई पछाडिबाट छुरा हान्ने तयारी नगरिरहेका होऊन् ।'

सीमाबाट २० किलोमिटर टाढा रहेको कम्बोडियाको सामराओङ सहरमा एएफपीका एक पत्रकारले मध्यरातसम्म ३० मिनेटअघिदेखि विष्फोटको आवाज रोकिएपछि मध्य बिहानसम्म शान्ति कायम रहेको बताएका थिए । 'मध्यरात १२ बजेको युद्धविरामपछि अग्रपंक्तिमा शान्ति आएको छ,' कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले मंगलबार बिहान फेसबुकमा सन्देशमा भने ।

### असल नियत

जेट, रकेट र तोपखानाले गत बिहीबारदेखि कम्तीमा ३८ जनाको ज्यान लिएको छ र लगभग तीन लाख मानिसलाई विस्थापित गरेको छ । जसले गर्दा सप्ताहन्तमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेप आवश्यक परेको थियो ।

सन् १९०७ मा कम्बोडियाको फ्रान्सेली औपनिवेशिक प्रशासकहरूले गरेको अस्पष्ट सीमांकनका कारण दुवैले दाबी गरेको इलाकामा सन् २००८-२०११ देखि छिटपुट हिंसा भड्किएपछि यो भड्काउ सबैभन्दा घातक थियो । 'जब मैले समाचार सुनेँ म धेरै खुसी भएँ किनकि मैले मेरो घर र मैले छोडेको मेरा सामानहरू सम्झेँ,' फेन नेथले सोमबार साँझ लडाइँबाट टाढा रहेको मन्दिरस्थलमा कम्बोडियाली विस्थापितहरूको विशाल शिविरमा भने, 'म यति खुसी छु कि वर्णन गर्न सक्दिनँ ।'

दुवै देशका साथै शान्ति वार्ताको आयोजना गर्ने मलेसियाको संयुक्त वक्तव्यले युद्धविराम 'तनाव कम गर्न र शान्ति तथा सुरक्षा पुनर्स्थापनाको दिशामा महत्त्वपूर्ण पहिलो कदम हो' भनेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसका प्रवक्ताले सोमबार साँझ एक वक्तव्यमा भनेका छन्, 'महासचिव गुटेर्रेसले दुवै देशलाई सम्झौताको पूर्णसम्मान गर्न र दीर्घकालीन मुद्दाहरूलाई सम्बोधन गर्न र स्थायी शान्ति प्राप्त गर्न अनुकूल वातावरण सिर्जना गर्न आग्रह गर्नुभएको छ ।'

दुवै पक्षले ट्रम्पको भारी भन्सार शुल्कको खतरालाई रोक्न व्यापार सम्झौताका लागि अनुरोध गरिरहेका छन् र अमेरिकी विदेश मन्त्रालयले आफ्ना अधिकारीहरू शान्ति वार्ताको नेतृत्व गर्न 'जमिनमा' रहेको बताएको छ । मलेसियाका प्रधानमन्त्री तथा आसियान ब्लकका अध्यक्ष अनवर इब्राहिमले आफ्नो देशको प्रशासनिक राजधानी पुत्रजयामा आयोजना गरिएको वार्तामा चीनको पनि 'सक्रिय सहभागिता' रहेको संयुक्त विज्ञप्तिमा उल्लेख छ । हुन मानेटले ट्रम्पलाई उनको 'निर्णायक' समर्थनका लागि धन्यवाद दिए भने उनका समकक्षी, थाई कार्यवाहक प्रधानमन्त्री फुमथम वेचाचाइले भने, 'यो दुवै पक्षले सद्भावका साथ गर्नुपर्दछ ।'

### युद्धविरामपछिका भन्सार सम्झौताहरू

थाई राजा महा भाजिरालोंगकोर्नले सोमबार आफ्नो ७३औं जन्मदिन बनाए, तर देशको राजपत्रमा एक सूचनामा बैंककको ग्राण्ड प्यालेसमा हुने उनको सार्वजनिक उत्सव द्वन्द्वको बीचमा रद्द गरिएको बताइएको छ ।

प्रत्येक पक्ष पहिले नै सैद्धान्तिकरूपमा युद्धविराममा सहमत भइसकेका छन् । यद्यपि, अर्कोले शान्ति प्रयासहरूलाई कमजोर पारेको आरोप लगाउँदै र क्लस्टर बमको प्रयोग र अस्पतालहरूलाई निशाना बनाउने बारेमा आरोप-प्रत्यारोप गरिरहेका छन् । थाइल्याण्डले आफ्ना आठ सैनिक र १४ सर्वसाधारणको मृत्यु भएको बताएको छ भने कम्बोडियाले आठ सर्वसाधारण र पाँच सैनिकको मृत्यु भएको पुष्टि गरेको छ । एक लाख ३८ हजारभन्दा बढी मानिस थाइल्याण्डको सीमावर्ती क्षेत्रहरूबाट भागेका छन् भने करिब एक लाख ४० हजार मानिस आफ्ना घरहरूबाट विस्थापित भएका छन् । *रासस⁄एएफपी*

# भारी वर्षा र भूस्खलनबाट उत्तरी चीनमा ३० जनाको मृत्यु

**मियुन (चीन)–** बेइजिङमा भारी वर्षाले ३० जनाको ज्यान लिएपछि अधिकारीहरूलाई हजारौं मानिसलाई सुरक्षित स्थानमा सार्न बाध्य बनाएको छ । उत्तरी चीनका विस्तृत भूभागहरूमा मुसलधारे वर्षाले घातक पहिरोहरू निम्त्याएको राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले मंगलबार जनाएको छ ।

मौसम अधिकारीहरूले राजधानी, छिमेकी हेबेई र तियानजिनका साथै उत्तरी, पूर्वी र दक्षिणी चीनका अन्य १० प्रान्तका लागि दोस्रो उच्च वर्षाको चेतावनी जारी गरेको राज्य समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ । वर्षा बुधबारसम्म जारी रहने अपेक्षा गरिएको छ ।

'सोमबार मध्यरातसम्म पछिल्लो चरणको भारी आँधी वर्षाले बेइजिङमा ३० जनाको ज्यान लिएको छ,' सिन्ह्वाले सहरको नगरपालिका बाढी नियन्त्रण मुख्यालयलाई उद्धृत गर्दै भनेको छ । चिनियाँ राजधानीमा मात्रै ८० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको स्थानीय सरकारी आउटलेट बेइजिङ डेलीले सामाजिक सञ्जालमा जनाएको छ ।

सहरको केन्द्रबाट उत्तरपूर्वमा रहेको उपनगरीय जिल्ला मियुनमा सबैभन्दा बढी मृत्यु भएको बताइएको छ । सहरको उत्तरमा रहेको हुआइरोउ जिल्ला र दक्षिणपश्चिममा रहेको फाङ्सान पनि नराम्ररी प्रभावित भएको राज्य सञ्चारमाध्यमले जनाएको छ ।

दर्जनौं सडक बन्द भएको र १३० वटाभन्दा बढी गाउँले बिजुली गुमाएको बेइजिङ डेलीले जनाएको छ । 'कृपया मौसम पूर्वानुमान र चेतावनीहरूमा ध्यान दिनुहोस् र आवश्यक नभएसम्म जोखिमपूर्ण क्षेत्रहरूमा नजानुहोस्,' आउटलेटले भन्यो ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार राति अधिकारीहरूलाई सबैभन्दा खराब अवस्थाका लागि योजना बनाउन र बाढीप्रभावित क्षेत्रका बासिन्दाहरूलाई स्थानान्तरण गर्न आग्रह गरे । बेइजिङ डेलीका अनुसार स्थानीय अधिकारीहरूले बेपत्ता व्यक्तिहरूको खोजी र उद्धारका लागि र



हताहतीको संख्या घटाउन सबै प्रयास गरेका छन् । सरकारले भारी वर्षाले प्रभावित नौ क्षेत्रमा विपद् राहतका लागि ३५ करोड युआन (चार करोड ९० लाख डलर) छुटयाएको राज्य प्रसारणकर्ता सिसिटिभीले मंगलबार जनाएको छ ।

यसमा उत्तरी बेइजिङ, तियानजिन, हेबेई, सांसी, साआंसी, भित्री मंगोलिया, उत्तरपूर्वी जिलिन, पूर्वी सांडोङ र दक्षिणी गुआंडोङ समावेश छन् । राजधानीका लागि छुट्टै २० करोड युआन छुटयाइएको प्रसारकले बताएको छ । राजधानीलाई घेरेको हेबेई प्रान्तमा चेंदे सहर नजिकैको गाउँमा भएको भूस्खलनमा चार जनाको मृत्यु भएको र आठ जना अझै बेपत्ता रहेको सिसिटिभीले सोमबार जनाएको छ ।

स्थानीय अधिकारीहरूले मंगलबार साँझसम्म आकस्मिक बाढीको चेतावनी जारी गरेका छन् । चेंदे र वरपरका क्षेत्रहरू उच्च सतर्कतामा रहेको हेबेईको रेडियो र टेलिभिजन स्टेसनले जनाएको छ । सन् २०२३ मा भारी वर्षाले उत्तरी र उत्तरपूर्वी चीनमा ८० जनाभन्दा बढीको ज्यान गएको थियो । यसमा हेबेईमा कम्तीमा २९ जना थिए । त्यहाँ गम्भीर बाढीले घर र बालीका खेतहरू नष्ट गरेको थियो । त्यस समयका केही रिपोर्टहरूले बाढीलाई राजधानीबाट टाढा सार्ने सरकारी निर्णयको भार प्रान्तले बोकेको बताएका थिए ।

### जलवायु परिवर्तन कारक

चीनभर प्राकृतिक प्रकोपहरू सामान्य छन् । विशेषगरी गर्मीमा जब केही क्षेत्रहरूले भारी वर्षाको अनुभव गर्छन् भने अरूहरू भीषण गर्मी हुन्छ । चीन हरितगृह ग्यासहरूको विश्वको सबैभन्दा ठूलो उत्सर्जनकर्ता हो । वैज्ञानिकहरूका अनुसार हरितगृह ग्यासले जलवायु परिवर्तनलाई चलाउँछ र चरम मौसमलाई अधिक बारम्बार र तीव्र बनाउन योगदान गर्छ ।

तर चीन एक विश्वव्यापी नवीकरणीय ऊर्जा पावरहाउस पनि हो । यस मुलुकले सन् २०६० सम्ममा आफ्नो विशाल अर्थतन्त्रलाई कार्बन-तटस्थ बनाउने लक्ष्य राखेको छ । यस महिना पूर्वी साण्डोङ प्रान्तमा आएको बाढीमा दुई जनाको मृत्यु भएको थियो भने १० जना बेपत्ता भएका थिए ।

यस महिना सिचुआन प्रान्तको राजमार्गमा भएको भूस्खलनले पनि पहाडको छेउमा धेरै कारहरू बगाएपछि पाँच जनाको मृत्यु भएको थियो । *रासस⁄एएफपी*

# सडक दुर्घटनामा १८ तीर्थयात्रीको मृत्यु

**नयाँदिल्ली-** मंगलबार पूर्वी भारतमा मंगलबार हिन्दू तीर्थयात्री बोकेको बस खाना पकाउने ग्यास सिलिण्डर भरिएको ट्रकसँग ठोक्किएपछि कम्तीमा १८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

झारखण्ड राज्यको घटनास्थलबाट प्राप्त दृश्यहरूले बसको भग्नावशेष देखाएको छ । यसको पछाडिको भाग लगभग पूर्णरूपमा जलेको थियो । स्थानीय सांसद निशिकान्त दुबेले तीर्थयात्रीहरू उपमहाद्वीपमा मनसुनको सुरुआतसँगै पवित्र श्रावण महिना मनाउन हिन्दू तीर्थस्थलतर्फ जाँदै गरेको बताए ।



'बस र ट्रक दुर्घटनामा १८ जना भक्तको ज्यान गएको छ,' दुबेले सामाजिक सञ्जालमा भने ।

तीर्थयात्रीहरूले संहारका हिन्दू देवता भगवान् शिवलाई अर्पण गर्न गंगाबाट पवित्र पानी बोकेका थिए । प्रधानमन्त्री नरेन्द्र मोदीले 'ज्यान गुमाउने भक्तहरूका परिवारजनहरूप्रति गहिरो समवेदना' व्यक्त गरे । उनको कार्यालयले सामाजिक सञ्जालमा भनेको छ, 'झारखण्डको देवघरमा भएको सडक दुर्घटना अत्यन्त दुःखद छ ।' आधिकारिक तथ्यांकअनुसार भारतमा हरेक वर्ष सडक दुर्घटनामा दशौं हजार मानिस मर्छन् ।

सन् २०२३ मा सडक दुर्घटनामा एक लाख ७२ हजारभन्दा बढीको मृत्यु भएको यातायातमन्त्री नितिन गडकरीले संसद्लाई बताए । गत नोभेम्बरमा एउटा बस उत्तरी राज्य उत्तराखण्डमा गहिरो हिमाली खोँचमा खस्दा कम्तीमा ३६ यात्रुको मृत्यु भएको थियो भने अन्य धेरै घाइते भएका थिए । *रासस⁄एएफपी*

# आणविक हतियार त्याग्न बाध्य नपार्न अमेरिकालाई उत्तर कोरियाको चेतावनी

**सियोल–** उत्तर कोरियाका नेताकी शक्तिशाली बहिनीले मंगलबार संयुक्त राज्य अमेरिकालाई आणविक निःशस्त्रीकरणको विरुद्धमा चेतावनी दिएकी छन् । यो चेतावनी ह्वाइट हाउसका एक अधिकारीले राष्ट्रपति डोनाल्ड ट्रम्प किम जोङ उनसँग वार्ताका लागि खुला रहेको बताएपछि आएको हो ।

'डिपिआरकेलाई आणविक हतियार राष्ट्रको रूपमा अस्वीकार गर्ने कुनै पनि प्रयासलाई... पूर्णरूपमा अस्वीकार गरिने छ,' किम यो जोङले उत्तर कोरियालाई यसको आधिकारिक नामको संक्षिप्तरूपमा उल्लेख गर्दै राज्य सञ्चालित सञ्चारमाध्यमले प्रकाशित गरेको वक्तव्यमा भनिन् ।

किमले आफ्नो दाइ र ट्रम्पबीचको 'व्यक्तिगत सम्बन्ध' 'नराम्रो नभएको' बताइन्, तर भविष्यको कुनै पनि वार्तामा 'आणविक निःशस्त्रीकरणको उद्देश्य पूरा गर्न' प्रयोग नगर्न चेतावनी दिइन् ।

उत्तर कोरियाको आणविक निःशस्त्रीकरणसम्बन्धी सम्झौतामा पुग्नका लागि अमेरिकी राष्ट्रपतिको पहिलो कार्यकालमा ट्रम्प र उत्तर कोरियाली नेताबीच तीनपटक भेट भएको थियो ।



तर सन् २०१९ मा हनोईमा भएको दोस्रो शिखर सम्मेलनमा उत्तर कोरियाले यसको बदलामा के पाउने भन्ने कुरामा सहमति हुन नसकेपछि प्योङयाङले आफ्नो आणविक कार्यक्रमलाई गति दिएको छ ।

'केही समयअघि ह्वाइट हाउसका एक अधिकारीले भने... उहाँ (ट्रम्प) अझै पनि उत्तर कोरियाको पूर्णआणविक निःशस्त्रीकरण हासिल गर्न उत्तर कोरियाका नेतासँग वार्ताका लागि खुला हुनुहुन्छ,' उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किम यो जोङले मंगलबार भनिन् ।

उनले ह्वाइट हाउसका एकजना अज्ञात अधिकारीलाई उद्धृत गरेको देखिन्छ । ती अधिकारीलाई सप्ताहन्तमा योन्हाप समाचार एजेन्सीले उद्धृत गर्दै ट्रम्प 'उत्तर कोरियालाई पूर्णरूपमा आणविक निःशस्त्रीकरण गर्न नेता किमसँग कुराकानी गर्न खुला रहेको' बताएको थियो । 'हाम्रो राज्यका प्रमुख र वर्तमान अमेरिकी राष्ट्रपतिबीचको व्यक्तिगत सम्बन्ध नराम्रो छैन भन्ने तथ्यलाई म अस्वीकार गर्न चाहन्नँ,' उनले भनिन् । तर उनले वासिंटनलाई आणविक निःशस्त्रीकरण हासिल गर्न यसलाई प्रयोग गर्ने प्रयास नगर्न चेतावनी दिइन् ।

'यदि यसलाई त्यस उद्देश्यका लागि प्रयोग गरियो भने, यसलाई अर्को पक्षको उपहासबाहेक अरू केही भनेर व्याख्या गर्न सकिँदैन,' उनले संयुक्त राज्य अमेरिकासँग उत्तर कोरियालाई 'आणविक हतियार राज्य' का रूपमा मान्यता दिन आग्रह गर्दै भनिन् । ट्रम्पले उत्तर कोरियाली नेतासँग आफ्नो 'उत्कृष्ट सम्बन्ध' बारे कुरा गरेका छन् र प्योङयाङमा तेस्रो पुस्ताका शासकसँग पुनः वार्ता गर्न खोज्ने संकेत गरेका छन् । *रासस⁄एएफपी*


## ओमनमा रोजगार

कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८२/०३/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१३ | LT. No. 327073 | चलानी नं. ६०२४०९८४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: OR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | heavy duty driver | 20 | 0 | 220 | ७९,३३५ | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | foundation diggers | 20 | 0 | 120 | ४३,२७५ | | | | | | | |
| 3 | mason general | 30 | 0 | 120 | ४३,२७५ | | | | | | | |
| 4 | concrete worker (grade II) | 30 | 0 | 120 | ४३,२७५ | | | | | | | |
| 5 | dump truck driver | 20 | 0 | 220 | ७९,३३५ | | | | | | | |

- अन्तरवार्ता हुने स्थान: Nile Training Center(01-5911443), सिनामंगल, काठमाडौमा मिति: २०८२ साउन २३ र २४ गते (8 & 9 Aug. 2025) मा हुनेछ ।
- Friendship Training Center - (9819897912) जनकपुरमा मिति: २०८२ साउन २५ गते (10th Aug. 2025) मा हुनेछ ।
- P. R. Training Center (9800874391/9801622170), जनकपुरमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।
- Sunsari Multiple Training Centre, Itahari 6 (9842037127) सुनसरीमा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।
- Jhapa Technical Institute (9851039230), Hanuman Mandir, Birtamod झापामा मिति: २०८२ साउन २७ गते (12th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | निःशुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## कतारमा रोजगार

कम्पनी : Trinetra Trading Contracting and Cleaning

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१३ | LT. No.321567 | चलानी नं. ६०२३५६८१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: QR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | plasterer & brick mason | 1 | 0 | 1200 | ४५,७०० | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason general | 2 | 0 | 1200 | ४५,७०० | | | | | | | |
| 3 | helper | 1 | 0 | 1200 | ४५,७०० | | | | | | | |
| 4 | dry cleaning worker | 8 | 0 | 1200 | ४५,७०० | | | | | | | |
| 5 | carpenter/plaster worker | 5 | 0 | 1200 | ४५,७०० | | | | | | | |
| 6 | assistant plumber | 6 | 0 | 1200 | ४५,७०० | | | | | | | |

कम्पनी : Trinetra Trading Contracting and Cleaning

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१३ | LT. No.311917 | चलानी नं. ६०२२६३७६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: QR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | supervisor | 2 | 0 | 2500 | ९५,२१० | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | gen. clean worker | 2 | 0 | 1000 | ३८,०८५ | | | | | | | |
| 3 | foreman | 2 | 0 | 2500 | ९५,२१० | | | | | | | |
| 4 | driver | 3 | 0 | 1800 | ६८,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | निःशुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४⁄०७४⁄०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९३००० | प्रति तोला - ० | प्रति तोला - २३०० |

## 'सरकारले उद्योगी र व्यवसायीलाई प्रोत्साहित गर्नुपर्छ'

■ प्रभाव संवाददाता




**पाटन–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्योगी एवं व्यवसायीलाई लगानी गर्न प्रोत्साहित गनुपर्नेमा जोड दिएका छन् । कांग्रेसको वित्तीय संस्था समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबार आयोजित वर्तमान अवस्थामा देशको वित्तीय तथा मौद्रिक स्थिति विषयक कार्यक्रममा उनले कांग्रेस र नेकपा (एमाले)बीच भएको सातबुँदे सहमतिको एउटा महत्वपूर्ण उद्देश्य अर्थतन्त्र चलायमान बनाएको बताए ।

उनले भने, 'विसं २०४८ मा कांग्रेसको सरकार आएपछि निजीकरण र उदारीकरणको नीति ल्याएको हो, त्यसपछि कांग्रेसले धेरै गाली खायो, गिरिजाप्रसाद कोइरालाले धेरै गाली खानुभयो, तर पनि हामी नीति क्षेत्रलाई उद्योग र व्यापार सञ्चालन गर्न सहयोग गर्न तयार छौं, व्यापार व्यापारीले गर्ने हो, उद्योग उद्योगीले गर्ने हो, सरकारले उद्योग व्यापार गर्ने हैन, सरकारले के सहयोग गर्नुपर्छ, त्यो सहयोग गर्न तयार छौं ।'

सभापति देउवाले वर्तमान अवस्थामा अर्थतन्त्रका बाह्य सूचकहरू, सरकारको चालु खाता र शोधनान्तर बचत निरन्तर बढ्दै गएको, विदेशी मुद्रा सञ्चितिमा उल्लेखीय सुधार भएको, रेमिट्यान्स उच्च दरमा वृद्धि भएको, मुद्रास्फिति करिब चार प्रतिशतमा सीमित भएको, निजी क्षेत्रमा भएको कर्जा प्रवाह चार दशमलव छ प्रतिशतले वृद्धि भएको र गत वर्षको तुलनामा आयात १३ दशमलव एक प्रतिशत र निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भएको जानकारी गराए ।

'विद्युत् उत्पादन तथा वितरण, वित्तीय तथा बिमा, खानी तथा खनिज पदार्थ उत्खनन क्षेत्रको योगदानको कारण आर्थिक वृद्धि हुने सङ्केत देखा परे पनि अर्थतन्त्रको वास्तविक क्षेत्र उत्पादन, रोजगारी, उद्योग व्यवसायको अवस्था, लगानी अभिवृद्धि लगायत सूचकहरूमा अपेक्षित सुधार गरी निजी क्षेत्र र आम नागरिकको विश्वास जित्न अझै प्रयत्न गर्नुपर्नेछ,' सभापति देउवाले भने ।

सभापति देउवाले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरिएको मौद्रिक नीतिअनुसार ब्याजदर घटेकाले बैंकमा जम्मा भएको ठूलो रकम कर्जा प्रवाहमा विस्तार भई औद्योगिक व्यवसाय तथा सर्वसाधारण जनतामा केही उत्साह जगाउने विश्वास व्यक्त गरे ।

'रेमिट्यान्समा हामी परनिर्भर हुनुपर्ने अवस्थाका कारण कृषि र उद्योगलाई यसले गम्भीर असर पुऱ्याएको छ, तसर्थ, रेमिट्यान्सलाई उत्पादनसँग जोड्ने वित्तीय र मौद्रिक नीति प्रभावकारी बनाउन अति आवश्यक छ,' उनले भने, 'वर्तमान अवस्थामा सहकारी क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र विश्वासिलो बनाउने उद्देश्यले सहकारी प्राधिकरणको व्यवस्था गरिएको छ, कतिपय सहकारी सञ्चालकबाट ठगिएका बचतकर्ताको बचत रकम यथाशीघ्र फिर्ता दिलाउन प्रभावकारी नीति लिन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।'

## देश विकासका लागि सरकार प्रतिबद्ध: प्रधानमन्त्री

■ प्रभाव संवाददाता



**धनगढी–** प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार देश विकासका लागि प्रतिबद्ध रहेको बताएका छन् । कैलालीको पूर्वी क्षेत्रमा निर्माणाधीन राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिँचाइ आयोजनाको दोस्रो चरणमा निर्माण पूरा भएको सिँचाइ प्रणाली र विद्युत्गृहको मंगलबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा परिर्वतन ल्याउनका लागि योगदान गरेका दुई ठूला दलको अहिलेको सरकार स्थिरता, स्थायित्व कायम गर्नेगरी काम गरिरहेको बताए ।

उक्त अवसरमा प्रधानमन्त्री ओलीले भने, 'देशमा स्थिरता, स्थायित्व, विकास, सुशासन ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न सरकार प्रतिबद्ध छ, आगामी चुनावसम्म यो सरकार जान्छ ।' रानीजमरा कुलरिया सिँचाइ आयोजनाको निर्माणबाट सरकारको विकासप्रतिको चाहना एवं तीव्रता दिने कुरालाई झल्काएको उल्लेख गर्दै उनले यो आयोजनाको तेस्रो चरणको काम पनि पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले १२० वर्षदेखिको परम्परागत सीपबाट सुरू भएको यो सिँचाइ प्रणालीलाई आधुनिक स्वरूपमा विस्तार गरिएको उल्लेख गर्दै स्थानीयको जनसहभागिता र सरकारको समन्वयबाट आजको यो सफलता प्राप्त भएको बताए । देश विकासका लागि प्रतिबद्ध रहेका उनले यो सिँचाइ आयोजना निर्माणबाट नेपालको जलस्रोत तथा ग्रामीण कृषि क्षेत्रको विकासमा ऐतिहासिक उपलब्धि भएको बताए । यस आयोजनाले ग्रामीण जीवनशैली परिवर्तन कृषि उत्पादनमा वृद्धि ऊर्जामा आत्मनिर्भर खाद्य सुरक्षामा टेवा पुऱ्याउन सहयोग गर्ने उनले विश्वास व्यक्त गरे ।

सुनकोशी मरिन डाइभर्सन, भेरी बबै सिँचाइ आयोजना, तम्मोर डाइभर्सनलगायत महत्वपूर्ण आयोजनाको निमार्ण पूरा गर्न सरकारले ध्यान दिएको उनले बताए । उक्त अवसरमा ऊर्जा जल स्रोत सिँचाइमन्त्री दिपक खड्काले यो सिँचाइ आयोजनामा निर्माण भएको विद्युत् गृहबाट वार्षिक राम्रो आम्दानी हुने देखिएको उल्लेख गरे ।

त्यस्तै सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले सिँचाइ आयोजनाको निर्माण भएबाट मुलुकले समृद्धिको आधार तय गरेको अनुभव भएको सुनाए ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले पहिलो तथा दोस्रो चरणमा निर्माण भएको नहरसहितको सिँचाइ प्रणालीबाट १४ हजार ३०० क्षेत्रफल जग्गामा सिँचाइ पुगेको र विद्युत्गृहबाट चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन भएको जानकारी दिए । सिँचाइ प्रणालीबाट स्थायी रूपमा सिँचाइ सुविधा उपलब्ध हुँदा धान, गहुँ र मकैको उत्पादकत्व वृद्धि भएको जानकारी दिए ।

विश्व बैंक र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भएको यो सिँचाइ आयोजनाअन्तर्गत पहिलो र दोस्रो चरणमा गरी १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ ।

कर्पोरेट

## एनसेलको बिज सधैं अनमा मनसुन बिजनेस अफर




**काठमाडौं (प्रस)–** नेपाली व्यवसाय जगतलाई सशक्त बनाउने आफनो प्रतिबद्धता बमोजिम एनसेलले आफ्ना पोस्टपेड, साना तथा मझौला उद्यमी र कर्पोरेट ग्राहकहरूका लागि 'बिज सधैं अन'मा मनसुन बिजनेस अफर ल्याएको छ । यो अफरमा ग्राहकहरूले कम खर्चमा पूरै एक वर्ष निश्चिन्त भई सेवाहरू उपयोग गर्न सकिने लगायतका सुविधाहरू रहेका छन् ।

ग्राहकहरूले बिज सधैं अन ३९९ प्लान वा बिज सधैं अन ६४९ प्लानको १० महिनाको लागि सदस्यता लिँदा १२ महिनाको सेवा पाउने यो अफरको विषेशता हो । यसको अर्थ थप दुई महिनाको सेवा निःशुल्क लिएर एक वर्ष दूरसञ्चार सेवाका लागि ढुक्क हुन सकिन्छ । यो अफर '१० महिना तिर्नुहोस्, १२ महिना सेवा पाउनुहोस्' भन्ने मोडलमा आधारित रहेको छ । बिज सधैं अन ३९९ प्लानमा ग्राहकहरूले हरेक महिना १० जीबी डेटा, ४०० मिनेट जुन सुकै लोकल नेटवर्कमा कल गर्न सकिने टक टाइम र ४०० एसएमएस प्रति महिना पाउँछन् । त्यस्तै, बिज सधैं अन ६४९ प्लानमा हरेक महिना ३० जीबी डेटा, अनलिमिटेड टक टाइम र ६५० एसएमएस पाइन्छ ।

यो मनसुन अफरमा ग्राहकहरूले बन्डलरकम्बो अफरको पनि फाइदा लिन सक्छन् । यसमा कर्पोरेट ग्राहकहरूले आफ्ना तीन वटा मोबाइल नम्बरहरूमा सेवाका लागि वार्षिक सदस्यता लिँदा एउटा नम्बरले एक पटकका लागि ६ महिनाको लागि सेवा निःशुल्क पाउँछ । यसैगरी पाँच वटा नम्बरका लागि एक वर्षको सेवा लिँदा दुई वटा नम्बरले ६ महिनाका लागि सेवा निःशुल्क पाउँछ ।

'उपभोक्ताहरूलाई 'सधैं अन'मार्फत सशक्त बनाउने आफ्नो प्रतिबद्धता बमोजिम बन्डल सेवाहरूका साथ कम खर्चमा ग्राहकहरूलाई वर्षभरी निर्धक्क रूपमा सेवा उपलब्ध गराउन यो अफर ल्याएका छौं । साना, ठूला सबै व्यावसायहरूले अर्थतन्त्रलाई चलायमान बनाउँछ र उनीहरूको व्यवसाय बढाउन हाम्रा सेवाहरूले योगदान पुर्याउने कुरामा हामी विश्वस्त छौं,' एनसेलका चिफ बिजनेश अफिसर डिओन एसेन्सिओले भने । यसका साथै एनसेलले क्लाउड र डाटा सेन्टर सेवाहरूमा सीमित अवधिका लागि मनसुन अफर दिएको छ जसमा ग्राहकहरूले विशेष छुट पाउँछन् । इच्छुक ग्राहकहरूले एनसेलको वेबसाइटमा गई कलब्याकका लागि अनुरोध गर्न सक्छन् ।

## बिवाइडी सिलायन सेभेन सार्वजनिक



**काठमाडौं (प्रस)–** अर्लि बर्ड अफरसहित साइमेक्स इन्कद्वारा नेपालमा नयाँ अत्याधुनिक बिवाइडी सिलायन सेभेन सार्वजनिक भएको छ । नेपालमा बीवाईडी अटो इन्डस्ट्रीको आधिकारिक वितरक साइमेक्स इन्क प्रा.लि.ले बहुप्रतीक्षित बीवाईडी सिलायन ७ (सेभेन) सार्वजनिक गरेको हो । सिलायन ७ देशको प्रिमियम इलेक्ट्रिक एसयूभी सेग्मेन्टमा एक नयाँ साहसी प्रतिस्पर्धीको रूपमा आएको छ । बिहिबार आयोजित एक विशेष कार्यक्रममार्फत गरिएको सार्वजनिक कार्यक्रममा बीवाईडीले नेपालमा यातायातको भविष्यलाई पुनः परिभाषित गर्ने आफ्नो प्रतिबद्धताप्रति अर्को महत्वपूर्ण कदम चालेको छ ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत महामहिमन चेन सोङको विशेष उपस्थिति रहेको थियो । उनले दिगो विकासको क्षेत्रमा चीन र नेपालको बढ्दो सहकार्यलाई उल्लेख गर्दै प्रसंसा गरे । साथै उनले बीवाईडी सिलायन ७ जस्ता प्रविधिसम्पन्न विद्युतीय सवारीसाधनहरूको प्रवेशले नेपालको विद्युतीय रूपान्तरणलाई अझ गति दिने विश्वास व्यक्त गरे ।

बीवाईडी सिलायन ७ अब नेपालमा १०० किलोवाटको रियर व्हील ड्राइभ कन्फिगरेसनमा उपलब्ध भएको छ, जुन उच्च प्रदर्शन, आकर्षक डिजाइन, र लामो दुरी क्षमताको लागि इन्जिनियरिङ गरिएको छ। यो मोडेल बीवाईडीको ओसियन सिरिजको हिस्सा हो ।

यसको खुद्रा मूल्य रू. ७४.९९ लाख छ भने यसको प्रारम्भिक अर्ली बर्ड मूल्य रू. ७२.९९ लाख सीमित अवधिका लागि कम्पनिले तय गरेको छ । बीवाईडी सिलायन ७ सार्वजनिक भएसँगै, साइमेक्स इन्कले नेपालमा विद्युतीय सवारीमा रूपान्तरणलाई तीव्र बनाउन आफ्नो अभियानलाई निरन्तरता दिइरहेको छ ।

## प्रोटोनको नयाँ शोरूम पोखरामा

**पोखरा (प्रस)–** प्रोटोन नेपालले देशभर विद्युतीय गतिशीलतालाई तीव्र पार्ने ब्रान्डको अभियानमा महत्वपूर्ण कोशेढुङ्गाको रूपमा पर्यटकीय शहर पोखरामा आफ्नो पछिल्लो शोरुम आधिकारिक रूपमा खोलेको छ ।

पोखराको बुद्ध चोकमा खोलिएको नयाँ शोरुमले ग्राहकहरूलाई प्रोटोनको प्रमुख विद्युतीय सवारी साधन प्रोटोन इमास ७ को प्रत्यक्ष अनुभव प्रदान गर्नेछ ।

काठमाडौंमा सफल सुरुवात पछि, पोखरा खोलिएको शोरुम, २०२५ सम्ममा राष्ट्रव्यापी विद्युतीय सवारी साधन (इभि) नेटवर्क स्थापना गर्ने प्रोटोनको फराकिलो योजनाको महत्वपूर्ण हिस्सा हो । यस अवसरमा प्रोटोनले सम्भावित ग्राहकहरूको लागि टेस्ट ड्राइभ दर्ता, व्यक्तिगत परामर्श, र सजिलो फाइनान्स र सरकारी अनुदान विकल्पहरूमा बारे पनि सहजीकरण गरेको छ ।

बिक्री पछिको सेल्स सपोर्टलाई अझ विश्वासिलो बनाउन, नेपालमा प्रोटोनको आधिकारिक वितरक जगदम्बा मोटर्सले ग्राहकहरूलाई विश्वस्तरीय सेवा सुनिश्चित गर्दै पोखरा भित्र तेस्रो सर्भिस सेन्टरको स्थापना गरेको छ। शोरुमको उद्घाटन प्रमुख अतिथि वेस्टर्न अटोमोबाइल्स डिलर्स एसोसिएसनका अध्यक्ष कृष्ण श्रेष्ठले गरेका थिए । कार्यक्रममा वडाको कार्यकारी समिति, एफएनसीसीआईको कार्यकारी समिति, होटल एसोसिएसन नेपाल-पोखरा च्याप्टर, एनवाईईएफका कार्यकारीहरू र मिडियाका सदस्यहरू जस्ता प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति थियो ।



## बाफिया संशोधनले आर्थिक गतिविधि प्रभावित हुने चेतावनी

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया) संशोधनले नेपालको आर्थिक गतिविधि नै प्रभावित हुने बताएका छन् ।

नेपाली कांग्रेस वित्तीय संस्था समन्वय विभागले मंगलबार काठमाडौंमा आयोजना गरेको देशको वित्तीय तथा मौद्रिक स्थिति विषयक कार्यक्रममा बोल्दै ढकालले उक्त धारणा राखेका हुन् । उनले ऐनमा संशोधनको प्रस्तावअनुसार जस्ताको त्यस्तै पारित भएमा आर्थिक गतिविधिमा गम्भीर असर पर्ने बताए ।

बाफियासँग सम्बन्धि ऐन संशोधन गर्न प्रस्तावित विधेयकमा बैंकर र उद्योगी छुट्याउने प्रस्ताव गरिएको अवस्थामा यो विषयलाई गम्भीर रूपमा लिनु पर्ने उनको धारणा थियो । 'व्यवसायी र बैंकर छुट्याउने भन्ने जुन विषय छ । यसले अर्थतन्त्रमा समस्या पार्न सक्छ । एकातिर प्रमोटरलाई उत्तरदायी बनाउने भन्दै ५१ प्रतिशत शेयर संस्थापकलाई दिने भनिएको छ । यसबाहेक, सम्बद्ध पक्ष भनेर परिभाषित गरिएको छ । यो व्यवस्थाअनुसार १ प्रतिशतभन्दा बढी शेयर भएका लगानीकर्ताले कर्जा लिन नपाउने हो भने सबैजसो उद्योगधन्दा व्यवसाय बन्द हुने जोखिम छन्,' ढकालले भने ।

यस्तै उनले आर्थिक विकासको लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्नुको विकल्प नभएको बताएका छन् । महासंघका सुझाव अनुसार उच्चस्तरिय आर्थिक आयोग गठन, आयोगको सुझाव अनुसार विभिन्न ३० वटा कानूनहरूको संशोधन र बजेटमा निजी क्षेत्रलाई प्राथमिकता दिने जस्ता विषयले निजी क्षेत्र उत्साहित भएको अध्यक्ष ढकालले बताए ।

'देशको आर्थिक समृद्धिका लागि नीतिगत सुधार, लगानीमैत्री वातावरण आवश्यक छ भनेर हामीले भन्दै आएका थियौं । वर्तमान सत्ता गठबन्धनको प्रमुख घटक नेपाली काँग्रेस सम्मिलित सरकारले गरेका नीतिगत सुधारहरूको प्रयासहरू स्वागतयोग्य छन । आ.व २०८२/८३ को बजेटले निजी क्षेत्रलाई अर्थतन्त्रको सम्वाहक मानि आर्थिक सुधारलाई प्राथमिकता दिने प्रतिवद्धता जनाएको छ । यसबाट महासंघ आशावादी र उत्साहित भएको छ,' उनले भने ।

नेपालमा पर्याप्त सम्भावना भएकोले यी सम्भावनाबाटै आर्थिक समृद्धिको खाका कोर्न सकिने बताउँदै अध्यक्ष ढकालले नकारात्मक सोचबाट सकारात्मकताको दिशामा जानु पर्ने तर्क गरे । 'अहिले सरकारले धेरै नीतिगत सुधार गरेको छ, हामीसँग इतिहासमै सबैभन्दा बढि विप्रेषण आएको छ; विदेशी मुद्राको सञ्चिति राम्रो छ, बैंकको व्याजदर घटेको छ, यो अवस्थामा लगानीको वातावरण छ । यो सबै कुरालाई सकारात्मक रूपमा लिनु पर्दछ,' उनले भने ।

यस्तै उनले देश विकाको लागि आन्तरिक तथा बाह्य पूँजी परिचालन आवश्यक रहेकोमा जोड दिँदै विकासको लागि आन्तरिक पूँजी परिचालन गर्ने सोच सहित महासंघको नेतृत्वमा १० अर्ब रूपैयाँको नेपाल पब्लिक लिमिटेड कम्पनी स्थापना गरि विभिन्न क्षेत्रमा लगानी गरिएको समेत जानकारी दिए ।

## ३० अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३० दशमलव ७६ अंकले बढेर तीन हजार दुई दशमलव ०७ बिन्दुमा कायम भएको छ । मंगलबार नेप्से एक दशमलव ०३ प्रतिशतले बढेको हो ।

३२१ कम्पनीको चार करोड १८ लाख आठ हजार ९६६ कित्ता शेयर एक लाख ५७ हजार ५२५ पटक खरिदबिक्री हुँदा रु १८ अर्ब ५२ करोड ९३ लाख २२ हजार ८८५ बराबरको कारोबार भएको छ । कारोबारमा विकास बैंक, वित्त र व्यापार समूहको उपसूचक घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ । मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, ट्रेड टावर लिमिटेड, सान्भी इनर्जी लिमिटेड र नेडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर आठ दशमलव ६० प्रतिशत छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेड रु ६४ करोड ४१ लाख ३८ हजार बराबरको शेयर खरिदबिक्री भएको छ । शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको १८ लाख ५८ हजार २२३ कित्ता शेयर किनबेच भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ